मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ · अंक २०८ · २०८० साल जेठ २६ गते शुक्रबार · Friday 09, June 2023 · सूर्योदय: बिहान ५:१० बजे · सूर्यास्त: साँझ ६:५८ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

# नीति तथा कार्यक्रमले सबैलाई नसमेटेको आरोप



**प्रमोदकुमार साह**
**जनकपुरधाम ।**

मधेश प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि बिहिबार भएको छलफलमा अधिकांश सांसदले विनाछलफल ल्याइएको नीति तथा कार्यक्रम अपुरो रहेको बताए ।

विहिबार बसेको प्रदेशसभाको बैठकमा नीति तथा कार्यक्रममाथि संशोधन प्रस्ताव राख्दै राजकुमार लेखीले नीति तथा कार्यक्रममा समग्रमा राम्रो रहे पनि विगत वर्षको कपीपेस्ट गरेको जस्तै पाइएको बताए ।

नीति तथा कार्यक्रममा उल्लेख गरिएका योजना बजेटको अभावमा कार्यान्वयन हुने विषयमा आफूलाई शंका रहेको बताउँदै उनले नीति कार्यक्रम एकातिर बजेट बनाउने अर्कोतिर र मन्त्रीहरु गोप्य वार्ता गरेर आआफ्नो क्षेत्रमा लगेर विगतदेखि नै नीति तथा कार्यक्रमलाई लत्याउने गर्दै आएकामा गम्भीर हुन आग्रह गरे । उनले भने, 'प्रदेशको विद्यालयमा भवन, शौचालय र दरबन्दी अभाव छ तर छात्रछात्रालाई ल्याउटप वितरण गर्नु वितरणमुखी कार्यक्रम हो, किसानलाई प्रत्यक्ष फाइदा हुने गरी हामीले के गर्‍यौं ?'

उनले नहरसम्म बनाउन नसकेको बताए । उनले किसानलाई परिचयपत्र बनाएर खातामा पैसा सहयोग गरेको भए किसानलाई केही राहत मिल्ने बताए । 'प्रदेशमा देखिने काम र उल्लेखनीय काम गरौं, मुस्लिम, आदिवासी जनजातिबारे एक शब्द पनि लेखिएको छैन, यो एकांकी भयो,' उनले भने । प्रदेश सरकारले ४५ प्रतिशत पनि बजेट खर्च गर्न नसकेको अवस्थामा दोष संघ सरकारलाई लगाउने कार्य उपयुक्त नभएको बताउँदै बजेट खर्च गर्न संघ सरकारले बन्देज नलगाएकाले आफनो कमजोरी ढाकछोप गरेर प्रदेशको विकास गर्न नसकिने बताए ।

प्रदेशसभामा बोल्दै सांसद विमला अन्सारीले भ्रष्टाचार नियन्त्रणका लागि केही कदम नचालिएको बताइन् । उनले सुशासन सुनिश्चिता गर्न लोकायुक्त नियुक्त गर्न माग गरेकी थिइन् । सांसद अन्सारीले महिलाका लागि बसभाडा निःशुल्क गर्न माग गर्दै मुस्लिम समुदायलाई पनि शिक्षामा अगाडि बढाउने कदम चाल्न प्रदेश सरकारलाई आग्रह गरिन् । उनले प्रत्यक्ष र समानुपातिक सांसदमा बजेट बाँडफाँडमा गरिएको विभेद अन्त गरी आधा आधा गरी बाँढ्न आग्रह गरिन् ।

छलफलमा सांसद किरण कुमारीले नीति तथा कार्यक्रम सरकारको ऐना हुनुपर्नेमा जनसंख्याको आधारमा ५१ प्रतिशत महिलाका लागि कार्यक्रममा केही नहुनु दुःखद रहेको बताइन् । उनले भनिन्, 'आज मान्छेलाई मधेश सरकारको अनुभूति छैन, भ्रष्टाचार, कमिसन र पिसीको बेथिति छ, यसलाई समाप्त गर्न ठोस प्लानिङ गरौं ।' उनले बाहिरको खाद्य बस्तुलाई निरुत्साहित गरी स्वदेशी उत्पादनलाई अंगीकार गर्दा प्रदेशले आफ्नो नीति तथा कार्यक्रममा राखेर प्रदेशमा लागु गर्न समेत माग गरिन् ।

नीति तथा कार्यक्रममा सांसद दीपेन्द्र कुमार ठाकुरले छात्रछात्रालाई ल्यापटप वितरण गर्नुभन्दा साक्षर बनाएर उनले नै दशवटा ल्यापटप किन्न सक्ने सरकारको नीति नहुनु दुःखद रहेको बताए । उनले नीति तथा कार्यक्रममा राजधानीकै जानकी मन्दिर, राजदेवी मन्दिर विभिन्न पोखरी छाडेर प्रदेशको विकास सोच्नु आफैंमा हास्यास्पद रहेको बताउँदै कमसेकम जनक दरबार र पोखरीलाई विश्वलाई नै तान्नसक्ने पर्यटकीयस्थल निमार्णका लागि नीति बनाउनुपर्ने बताए ।

सांसद ठाकुरले वैदेशिक रोजगारीमा पठाउनेलाई दक्ष बनाउन आग्रह गर्दै ठग दलाललाई कारबाही गर्न एउटा ऐन नै निर्माण गरिनु पर्ने बताए । प्रदेशको विकासका लागि कमसेकम एक घर एक शौचालय र पानीको व्यवस्था पनि नीति तथा कार्यक्रममा थप्न आग्रह गरे ।

सांसद ललिता दासले नीति तथा कार्यक्रममा दलित समुदायलाई निरुत्साहित गरेको आरोप लगाइन् । 'यस वर्षको नीति तथा कार्यक्रममा दलितलाई कागलाई बेल पाक्नु हर्ष न विष्मातसरह नै भएको छ,' उनले भनिन्, 'जातीय छुवाछुत अहिले पनि हाबी रहेको छ यसको उन्मूलनका लागि नीति तथा कार्यक्रममा व्यवस्था होस् ।'

**माओवादीद्वारा प्रदेशसभा बैठक बहिष्कार**

सत्ताधारी दल नेकपा माओवादी केन्द्रले मधेश प्रदेशसभाको बिहिबार बसेको बैठक बहिष्कार गरेको छ ।

प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम छलफलबिना नै ल्याइएको भन्दै माओवादीले बैठक बहिष्कार गरेको हो ।

नेकपा माओवादी केन्द्र मधेश प्रदेशको संसदीय दलका नेता भरत प्रसाद साहले छलफलबिना नै नीति तथा कार्यक्रम ल्याइएको र सशर्त रकमान्तरमा व्यापक भ्रष्टाचार भएकाले आफूहरुले बिहिबारको प्रदेशसभा बैठक बहिष्कार गरेको जानकारी दिए । उनले भने, 'नीति तथा कार्यक्रममा उल्लेखित सशर्त अनुदान र रकमान्तरसहितको बुँदामा हाम्रो असहमति हुँदाहुँदै पनि एकलौटी गर्न खोजिएको छ । माओवादीको उपस्थिति र महत्वलाई मूल्यांकन नै गरिएको छैन । त्यसैले हामी आजको बैठकमा अनुपस्थित भएका छौं ।'

सशर्त अनुदान र रकमान्तरको रकममा १० प्रतिशत कमिसन खाने शर्तमा चलखेल गरिएको उनको आरोप छ । नेकपा माओवादी केन्द्रले नीति तथा कार्यक्रमसमेत बहिष्कार गर्ने तयारी गरिरहेको स्रोतले जनाएको छ । मधेश प्रदेशसभामा नेकपा माओवादी केन्द्रका ९ प्रदेशसभा सदस्य छन् । बिहिबारको बैठकबाट नीति तथा कार्यक्रम पारित गर्ने कार्यसूची थियो ।

## संघबाट ज्यादा दबाब दिइए विष्फोटः सोनल



प्रदेशसभा सदस्य जितेन्द्र सोनलले नागरिकता विधेयकको विषयमा संघीय संसदमा भइरहेको टिका टिप्पणीप्रति इंगित गर्दै भने, 'सभामुखको माध्यमबाट अधिकारबारे ज्यादा प्रेसर नदिइयोस्, नत्र नयाँ विष्फोटन हुन्छ ।' उनले मधेशी जनताको जब अधिकारको कुरा आउँछ तब संघमा विभिन्न किसिमको टिकाटिप्पणी हुँदै आएकाले मधेशीको अधिकारको सवालमा विभेद र अवहेलना नहुनुपर्ने भन्दै त्यस्ता प्रकृतिका क्रियाक्लाप बन्द गर्न आग्रह गरे । सांसद सोनलले प्रदेशमा प्रहरीको आतंक रहेको बताउदै बीचबाटो मै चेकिङका नाममा हुँदै आएको हुलहुज्जतले प्रदेशको जनता त्रसित बनेकाप्रति मधेश सरकार गम्भीर हुन आग्रह गरे । भारतले नेपाललाई १५ मुर्रा भैंसी प्रदान गरेकामा प्रदेशले समन्वय गरेर कमसेकम ५ वटा भैंसी मधेशमा ल्याउन आग्रह गर्दै उनले यसबाट मधेशमा केही दिनमै दुधको क्रान्ति आउने बताए । भारतलाई विद्युत् प्रदान गरेकोप्रति इंगित गर्दै उनले भने, 'संघ सरकारसँग पर्याप्त मात्रामा बिजुली छ भने प्रदेशमा रहेको सम्पूर्ण खेतमा बिजुलीको व्यवस्था होस्, सिचाइँको व्यवस्था विद्युत् माध्यमबाट भए किसानलाई लाभ मिल्नसक्ने थियो, यसलाई मधेश सरकारले नीति तथा कार्यक्रममा थप गरी संघ संरकारसँग समन्वय गरोस् ।'

प्रदेश सरकार इमान्दार नभएको बताउँदै उनले प्रदेशले पाएको बजेटको ४५ प्रतिशत पनि खर्च गर्न नसकेको खण्डमा गम्भीर हुन आग्रह गर्दै विकास गर्नुछ भने विगतको दिनमा पाएको कटु अनुभवलाई बिर्सेर समन्वय र सहकार्य गरी प्रदेशलाई मजबुत बनाउने उद्देश्यले नीति तथा कार्यक्रममा राख्न आग्रह गरे । 'सरकारले आफनो ताकत बुझ्नु पर्‍यो, नीति र यसलाई नीति तथा कार्यक्रमको पार्ट बनाउनुपर्‍यो,' उनले भने ।

# उपकुलपति साहको निधनमा शोकाकुल जनकपुरधाम



करिव दुई दशक देखि मधेशको मुद्दा र मधेश आन्दोलनको पक्षमा थिंक टयांकका रुपमा काम गर्दै प्रथम मधेश सरकार बनेपछि मधेशको स्वास्थ्य क्षेत्रको विकासका लागि मधेश सरकारको स्वास्थ्य सल्लाहकार हुदै प्रतिष्ठानको उपकुलपती बनेर सेवा गरिरहेका उनको निधनले मधेश शोकमा डुबेको छ । मधेश मुद्दाका अगुवाहरुले उनको निधनमा शोक ब्यक्त गरिरहेका छन् ।

**मधेशदृष्टि**
**वीरगंज।**

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. रामकेवल साहको निधन भएको छ।

करिब एक सातादेखि भारतको नयाँ दिल्लीमा उपचाररत ६९ वर्षीय डा साहको बिहिबार बिहान निधन भएको उनको पारिवारिक स्रोतले जानकारी दिएको छ । उपकुलपति साह दुई महिनादेखि फोक्सोको क्यान्सरबाट पीडित थिए।

उपकुलपति साहको काठमाडौंमा उपचार सम्भव नभएपछि भारतको नयाँ दिल्ली लगिएको थियो । उनी नशा तथा हाडजोर्नी रोग विशेषज्ञ समेत हुन् । डा. साहलाई मधेश प्रदेशले २०७७ माघ १८ गते प्रतिष्ठानको उपकुलपतिमा नियुक्त गरेको थियो।

साह नेपालकै प्रसिद्ध हड्डी तथा नसा रोग विशेषज्ञ हुन् । साहको निधनमा जनकपुरधाम शोकमा परेको छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादव, नेपाली कांग्रेसका वरिष्ठ नेता तथा पूर्वउपप्रधानमन्त्री बिमलेन्द्र निधि, सामाजिक विकास मन्त्री वीरेन्द्र सिंह, पूर्व सामाजिक विकास मन्त्री तथा विनाविभागीय मन्त्री सुरीता साह, तमलोपामन अध्यक्ष वृषेश चन्द्र लाल, डा.विजय कुमार सिंह, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह, आमजनता पार्टीका अध्यक्ष प्रभु साहलगायतका नेताहरुले साहको निधनमा शोक व्यक्त गरेका छन्।

# सम्झौताविपरीत बकैया नदीमा उत्खनन्



**मधेशदृष्टि**
**कलैया ।**

बारा र रौतहटको बीचमा पर्ने बकैया नदीमा जथाभावी उत्खनन् गरेको पाइएको छ । बारा जिल्लाको कोल्वी नगरपालिकाले नदीजन्य पदार्थ उत्खनन्का लागि लगाएको ठेक्का विपरीत ठेकेदारले नदीजन्य पदार्थ उत्खनन् गरेको पाइएको हो ।

ठेक्का लगाउने समयमा गरिएको शर्तविपरीत ठेकेदारले आधा दर्जन बढी जेसिबी मेसिन लगाएर नदीजन्य पदार्थको दोहन गरिरहेको अवस्थामा सम्बन्धित निकाय मौन देखिएको छ । अनुगमन गर्ने निकाय जिल्ला समन्वय समिति, प्रहरी, प्रशासन, वन कार्यालय र स्थानीय निकाय वास्ता नगरेपछि ठेकेदारले मनोमानी रुपमा नदी उत्खनन् गरिरहेका छन् ।

अनुगमन नहुँदा ठेकेदार गरेको सम्झौताविपरीत तोकिएको भन्दा पाँचगुणा बढी स्थानमाबाट उत्खनन् गरेर खाडल खाडल बनाएका छन् । प्रारम्भिक वातावरणीय परीक्षणमा नदीमा मेसिन प्रयोग गर्न बन्देज गरे पनि प्राकृतिक प्रकोपको नाममा बस्ती नै नभएको स्थानमा जेसिबी प्रयोग गरी आधा दर्जन बढी स्थानमा नदी उत्खनन् गरिरहेको स्थानीयको भनाइ छ ।

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनअनुसार चुरे क्षेत्र र चुरेको संरक्षित क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन् सङ्कलन कार्य खाडल नपारी कामदारबाट घरेलु उपकरणको प्रयोग गरेर मात्र नदीजन्य पदार्थ निकाल्ने व्यवस्था रहेकोमा नियमविपरीत ठेकेदारले कार्य गरिरहेको अवस्थामा सम्बन्धित निकायले चासो देखाएको छैन । नगरपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनअनुसार दैनिक तीनसय घनमिटर २८ टिपर भन्दा बढी उत्खनन, सङ्कलन गर्न नपाइने भए पनि नदीमा एकपटकमा एकै स्थानमा करिब एकसयको हाराहारीम टिपरमा नदीजन्य पदार्थ उत्खनन् गरेर लोड गर्ने गरेका छन् । एकदिनमा २८ टिपर मात्रै नदीजन्य पदार्थ उठाउन पाउने ठेकदारले दैनिक हजारौं टिपर नदीजन्य पदार्थ उत्खनन् गरिरहेका छन् ।

प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेको जिल्ला प्रशासन कार्यालय आफैंले प्राकृतिक प्रकोपको नाममा नदीमा मेशिन नदीमा लगाउन अनुमति दिएर अनुगमन नगरेपछि खोलामा ठेकदारको मनोपोली बढेको हो । प्राकृतिक प्रकोपको नाममा प्रशासनदेखि स्थानीय तहको मिलोमतोमा अप्रत्यासितरुपमा नदी उत्खनन् भइरहेको स्थानीय खड्गप्रसाद उप्रेतीले जानकारी दिए । उनका अनुसार प्रशासनले एवम् ठेक्का लगाउने निकायले तीन फिटसम्म मात्रै खन्न अनुमति दिएको भएपछि ठेकेदारले एकै ठाउँबाट १५ फिटसम्म खाल्टो पारी नदीजन्य पदार्थ उत्खनन् गरिरहेको र ठेक्का लगाउने निकायले आँखा चिम्लेको बताए । जसले गर्दा प्राकृतिक प्रकोप र चुरे नै समस्यामा पर्न सक्ने उनको भनाइ छ ।

वन क्षेत्रमा नदीजन्य पदार्थ थुपारिँदै एकातर्फ ठेकेदारले खोलामा मनोमानी उत्खनन् गरी सरकारी वन क्षेत्रमा थुपार्ने काम गरिरहेका छन् । डिभिजन वन कार्यालय, बारा मातहतको निजगढस्थित बकैया पुल दक्षिण-पश्चिमतर्फ र तामागढी सब-डिभिजन वन कार्यालय, निजगढ पूर्वतर्फ बकैया खोला नजिकैको राष्ट्रिय वन क्षेत्रमा वनको इजाजत विना गैरकानुनीरूपमा ठेकेदारले नदीजन्य पदार्थ थुपार्ने काम गरिरहेको पाइएको हो । वन क्षेत्रमा नदीजन्य पदार्थ थुपार्न डिभिजन वन कार्यालय, बाराले अनुमति नदिएको

*बाँकी पृष्ठ २ मा*

# अरु चारदिन गर्मी हुने



**मधेशदृष्टि**
**वीरगंज ।**

शुक्रबार, शनिबार, आइतबार र सोमबारसम्म तराई मधेशमा गर्मी कायम रहने भएकाले सचेतता अपनाउन अपिल गरिएको छ ।

पर्सा, बारासहित देशभर बढ्दो गर्मी तत्काल रोकिने संकेत नरहेको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाले विशेष बुलेटिन सार्वजनिक गर्दै पर्सा, बारासहित मध्य तराईका भूभागमा बिहीबारदेखि पाँच दिनसम्म तातो हावा तथा लु लाग्ने सम्भावना रहेको भन्दै अत्यावश्यक कामबाहेक घर बाहिर ननिस्किन सुझावसमेत दिएको छ ।

महाशाखाका अनुसार, अधिकतम र न्युनतम तापक्रम क्रमिकरुपमा बढ्ने हुँदा तराई मधेशका जिल्लामा तातो हावा तथा लूको सम्भावना छ । त्यसैले त्यसबाट बच्न सतर्कता अपनाउन जरुरी छ ।

महाशाखाका मौसमविद् गोविन्द झाका अनुसार, हालको तल्लो र उपल्लो वायुमण्डलको अध्ययन गर्दा तत्काल मनसुन भित्रिने सम्भावना छैन र तराई, पहाड तथा खौँचहरुमा समेत अझै तापक्रम वृद्धि हुने पूर्वानुमान छ । विभागका अनुसार, बुधबार वीरगंज र यस आसपासका क्षेत्रमा अधिकतम तापक्रम ४२ डिग्री सेल्सियस मापन गरिएको थियो ।

बिहीबार यस क्षेत्रमा अधिकतम तापक्रम ४३ डिग्री र शुक्रबार ४३ डिग्री भन्दा बढी हुने अनुमान छ । तराई मधेशका अधिकांश जिल्लामा अत्यधिक गर्मीले जनजीवन प्रभावित भएको छ । पूर्व, मध्य र पश्चिम तराईका जिल्लामा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा पनि माथि पुगेको रेकर्ड छ ।

गर्मी अत्यधिक बढेपछि तराई मधेशका जिल्लामा विद्यालय बन्द गरिएको छ ।

यसअघि नै जल तथा मौसम विज्ञान विभागले यस वर्ष सरदरभन्दा बढी गर्मी हुने र मनसुन अवधिमा कम पानी पर्ने प्रक्षेपण सार्वजनिक गरेको थियो । विभाग मातहतको महाशाखाले विशेष बुलेटिन जारी गर्दै बढ्दो गर्मीका कारण मानव स्वास्थ्यमा पर्नसक्ने असर र त्यसबाट जोगिने उपायहरु समेत सुझाएको छ ।

बुलेटिनका अनुसार तातो हावा तथा लुबाट थकाइ लाग्ने, तिर्खा बढी लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर लाग्ने, बेहोस् हुने, मांसपेशी दुख्ने, बान्ता हुने लक्षण देखिनेछ । यस्ता लक्षण देखिए स्वास्थ्य संस्था जान वा स्वास्थ्यकर्मीको परामर्श लिन महाशाखाले सुझाएको छ । गर्मीका बेला घर बाहिर ननिस्कन, बाहिर निस्किनै परे टाउको छोप्न, पटकपटक पानी वा झोल पदार्थ प्रशस्त पिउन र हल्का खालका सुतीका कपडा लगाउन पनि सुझाव दिइएको छ ।

# रहस्यको गर्भमा रहेको महादेव मन्दिर




**धर्मेन्द्र झा/कृष्ण अधिकारी**
**रौतहट।**

'यो मन्दिर त रहस्यैरहस्यले भरिएको रहेछ, जति उत्खनन् गर्यो, जति अनुसन्धान गऱ्यो, उति नयाँनयाँ रहस्यहरु उद्घाटित भइरहेका छन्,' पूर्वमन्त्री एवम् रौतहट-३ का सांसद प्रभु साहले मौलापुर नगरपालिका-५ स्थित पुरातात्विक पतौरा मन्दिरलाई देखाउँदै भने। प्रारम्भमा यो मन्दिर सेनकालको भन्ने मानियो। पछि अर्को तथ्य फेला पऱ्यो र यसको इतिहास कर्नाटकालसँग जोडियो। अहिले त यो कर्नाटकालभन्दा पनि प्राचीन हो भन्ने विभिन्न तथ्यहरु उजागर हुँदैछ।

जानकारहरुका अनुसार यस मन्दिर र वरपरको क्षेत्रको उत्खनन् गरी पुरातात्विक अध्ययन अनुसन्धानले पूर्णता पाए विगतको सिम्रौनगढ राज्यको मात्र होइन, नेपालकै इतिहासमा नयाँ ढङ्गले अध्ययन गर्नुपर्ने अवस्था सिर्जना हुनसक्छ। उनीहरुका अनुसार यो मन्दिर १०औँ शताब्दी वरपरको हुनसक्ने अनुमान छ। यसको उत्खनन र संरक्षण राज्यबाटै हुनुपर्ने र यसलाई विश्व सम्पदामा सूचीकृत गरिनुपर्ने स्थानीय बताउँछन्।

अनुसन्धानबाट नयाँ तथ्य फेला परेसँगै ऐतिहासिक एवम् पुरातात्विक महत्व बोकेको यस पतौरामन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउनुपर्ने माग उठ्न थालेको छ। धार्मिक, पौराणिक एवम् पुरातात्विकरूपमा यो मन्दिर इतिहासको कैयौँ कालखण्डको साक्षीका रुपमा रहेकाले यसलाई विश्वसम्पदा सूचीमा समावेश गर्नुपर्ने माग गरिएको हो।हाल पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचीमा पुऱ्याउन आफू निरन्तर प्रयत्नरत रहेको नगरपालिकाका प्रमुख रिना कुमारी साहले बताइन्। उनले भनिन्, 'नेपालको धेरै सम्पदा विश्व सम्पदामा समावेश छ तर तराई मधेशको एउटा पनि सम्पदा विश्व सम्पदामा समावेश छैन।' ऐतिहासिक एवम् पुरातात्विक महत्व बोकेको यो मन्दिर नेपालकै एक महत्वपूर्ण पर्यटकीय केन्द्रका रुपमा स्थापित हुने उनको भनाइ छ। नेपालमा जम्मा १० वटा सम्पदालाई विश्वसूचीमा राखिएकाले अब अर्को गन्तव्य पुरातात्विक मन्दिर बन्ने मेयर साहको विश्वास छ। पूर्वमन्त्री एवम् सांसद साहको विषेश पहलमा मन्दिरको पर्खालका रुपमा प्रयोग गरिएको ऐतिहासिक इँटको पुरातत्व विभागमा जाँच हुँदा मन्दिरको पर्खालका रुपमा रहेको इँटहरु झन्डै १० इञ्चभन्दा बढी चौडाइ रहेको पाइएको छ। विसं २०६७/६८ मा सांसद साहले यस मन्दिरको अवस्थाका बारेमा पुरातात्वक विभागलाई खबर गरी मन्दिरको जीर्णोद्धारका लागि अनुरोध गरेका थिए। मन्दिरको अध्ययनमा संलग्नका अनुसार मन्दिरको पुनःनिर्माण कर्नाटकालमा (११-१२ शताब्दी), फेरि अर्को पटक सेनकालमा (१५-१६ औँ शताब्दी) र पछिल्लो पटक अहिले भएको छ। हरेक पाँच-पाँच सय वर्षको अन्तरालमा मन्दिर लोप हुने र पछि पुनः प्रकट हुने विश्वास गरिन्छ। सांसद साहले जनकपुरको जानकी मन्दिर, गढीमाई मन्दिर, बारा सिम्रौनगढका ठूलो इतिहास बोकेको सम्पदासहित रौतहटको मौलापुर पतौराको हजारौँ वर्ष पुरानो पतौराको महादेव मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गर्न आफू लागिपरेको बताइन्। उनले यस्ता सम्पदाहरु विश्वसम्पदा सूचीमा समावेश गराउन आवश्यक कूटनीतिक तथा अन्य पहलका लागि सरकारको ध्यानाकर्षण गराइन्। बारी खन्ने क्रममा पुराना इँट भेटिएपछि स्थानीयले सामान्य उत्खनन गर्दा मन्दिरको संरचना भेटिएको र पछि सामान्य उत्खनन गर्दा प्राप्त भएको शिवलिङ्गलाई मन्दिर बनाएर पूजाआजा गर्न थालिएको थियो। यस मन्दिरमा पूजा गरेमा मनोकामना पूरा हुने जनविश्वास छ। पछिल्लो समय यस मन्दिरमा पूजा गर्न नेपाल तथा भारतीय भक्तजनको भीड लाग्न थालेको छ। प्रारम्भिक उत्खननका क्रममा मन्दिर सेनकालीन रहेको पाइयो। मन्दिरमाथि माली टोल रहेकाले थप उत्खननमा नै बाधा पुगेपछि नगरपालिकाले बस्तीलाई अन्यत्र सारेर मन्दिर क्षेत्र खाली गराई वरिष्ठ पुरातत्वविद् तारानन्द मिश्र नेतृत्वको टोली र पुरातत्व विभागले थप उत्खनन गर्दा मन्दिरको पुनर्निर्माण कार्य कर्नाटकालीन समयमा पनि भएको तथ्य फेला पर्यो। मन्दिरको प्रारम्भिक उत्खननको क्रममा नै कैयौँ रहस्यमयी तथ्यहरू बाहिर आउन थालेका छन्। यस मन्दिरको उत्खनन र पुरातात्विक अध्ययन भइरहेकै समयमा पुरातत्वविद् मिश्रको निधन हुँदा मन्दिरका अनेकौं तथ्य प्राप्तिमा समस्या भएको अनुभव गरिएको छ। मन्दिरलाई उत्खनन गर्दै जाँदा जमिनको सामान्य सतहदेखि करिब २२ फिट गहिरोसम्म यसको संरचना भेटिएको छ। सिम्रौनगढमा कर्नाटवंशीय शासन स्थापना हुने समयकै हाराहारीको रौतहटको ईशनाथ मन्दिर (स्थापना विसं १११४)लाई विचार गर्दा पतौराको महादेव मन्दिर अझ पुरानो भएको हुनसक्ने अनुमान गरिन थालिएको छ।

प्रारम्भिक उत्खनन प्रतिवेदनअनुसार ११ देखि १२ शताब्दी अर्थात् कर्नाटकालमै यस मन्दिरको पुनर्निर्माण गरिएको पाइएको छ। उत्खनन एवम् अन्वेषणबाट प्राप्त अन्य तथ्यअनुसार मन्दिरसँगै एउटा दरबारको अवशेषसमेत भेटिएको छ। दरबार तत्कालीन शासकको केन्द्र हुनसक्ने अनुमान गरिएको छ। समय क्रमसँगै समाज, शासन एवम् प्रकृतिमा व्यापक परिवर्तन भएपनि यो मन्दिरको पुरानो अस्तित्व कायम नै रहेको देखिन्छ। प्राचीनकालदेखि नै मौलापुर धर्म र आस्थाको केन्द्र रहेको विश्वास गरिन्छ। मौलापुर शब्द संस्कृतको 'मौला'र पुरबाट उत्पत्ति भएको हो। मानसार शिल्पशास्त्रका अनुसार मौलाको अर्थ भगवान् शिवको जट्टालाई जनाउँछ भने पुरको अर्थ नगर हुन्छ। यस अर्थमा पनि मौलापुर शिवको जटाबाट उत्पत्ति भई परापूर्वकालदेखि नै पवित्र शिव भूमि रहेको कुरा सहजै बुझ्न सकिन्छ।

रौतहटको मौलापुर नगरपालिकाको पतौरामा उत्खननको क्रममा रहेको महादेव मन्दिरको बेलायतका पुरातात्विक अध्येताहरुद्वारा अध्ययन सुरु भएको छ। मन्दिर उत्खनन्का क्रममा निकै पुरानो संरचना प्राप्त भएपछि विशेष पुरातात्विक अध्ययन गर्न थालिएको हो। धेरै प्रमाणबाट मन्दिर कर्नाटकालको रहेको देखियो। पछि विदेशी टोलीले अन्वेषण गर्दा त्यो भन्दा पनि पुरानो हुनसक्ने अनुमान गरिएको छ। कुनै कालखण्डमा यहाँ एउटा समृद्ध सहर रहेको प्रमाण पनि फेला परेको छ।

पतौरा महादेव मन्दिरको विषयमा चासो बढेपछि बेलायतको दुर्हम विश्वविद्यालयको पुरातात्विक टोलीले स्थलगत अध्ययन थालेको छ।

मौलापुर नगरपालिकाका अनुसार जमिनमुनि दुई मिटरसम्मको पुरातात्विक एक्सरे गर्न सक्ने मेसिनको सहायतासमेत लिएर रिची भिलिस र एलिक नेलोरको संयुक्त टोलीले पुरातात्विक अध्ययन थालेको थियो।

मधेश प्रदेशमै नमूना पालिकाको रूपमा रहेको मौलापुर नगरपालिकाले विकास पूर्वाधारका साथै यहाँ रहेका सांस्कृतिक एवम् पुरातात्विक सम्पदाहरुको संरक्षण र प्रवर्द्धनमा पनि जोड दिएको नगरपालिकाका प्रशासकीय अधिकृत रामबाबु साह बताए। 'पतौरा महादेव मन्दिर मौलापुरको मात्र नभई सिंगो देशको एक महत्वपूर्ण धार्मिक पर्यटकीय केन्द्र बन्दै गएको बताउँदै उनी भन्छन्, 'यस मन्दिरको प्रवर्द्धन र विकासलाई नगरपालिकाले उच्च महत्व दिएको छ।' मन्दिर प्राङ्गणमा २०७६ फागुनमा आयोजना गरिएको महायज्ञमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले विशेष पूजाअर्चना गरेका थिए। धार्मिक पर्यटनको हिसाबले यस क्षेत्रलाई विश्व समुदायमा प्रचार गर्न सकिने सम्भावना रहेको बताउँदै नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष प्रेमचन्द्र झा भन्छन्, 'यस मन्दिरलाई विश्वसम्पदा सूचीमा राख्न सकिएमा पुरातात्विक विषयमा चासो राख्ने पर्यटकहरुलाई पनि भित्र्याउन सकिनेछ।' सरकारले २०७५ सालमा देशैभरका पर्यटकीय गन्तव्यको प्रवर्द्धन र विकासका लागि सयवटा नयाँ पर्यटकीय गन्तव्य सार्वजनिक गरेकामा मधेश प्रदेशबाट पतौरा महादेव मन्दिरलाई पनि छनोट गरेको थियो। सय पर्यटकीय गन्तव्य छनोट गर्दा सय वर्ष पुराना पुरातात्विक सम्पदालाई सबैभन्दा बढी प्राथमिकता दिइएको थियो।

# सिरहामा भयावह बन्दै लागुऔषध ओसारपसार



**मुकेश कुमार यादब**
**सिरहा।**

पछिल्लो समय सिरहामा लागुऔषध विक्रिवितरण तथा ओसारपसार व्यापक रुपमा भईरहेको पाइएको छ। जिल्लाको दक्षिण सिमावर्ती क्षेत्रमा खटिने नेपाल प्रहरी र शसस्त्र प्रहरीहरुको फितलो निगरानीका कारण सिरहामा दिनप्रतिदिन लागु औषधको विक्रिवितरण तथा ओसारपसार व्यापक रुपमा बढीरहेको पाइएको हो।

सिमानाकाका क्षेत्रहरुमा लागुऔषध तस्करहरुले रातगरी भारतीय बजारबाट खरिद गरि ल्याईएका लागुऔषधहरु नेपालको सिमानाका वरिपरिका गाउँघरमा भण्डारण गरी सिमानाकामा खटिएका प्रहरीहरुलाई नजराना तिरी लागु औषधको कारोवार गरिरहेको नाम नखोल्ने सर्तमा एकजना लागुऔषध सेवनकर्ता बताउछन्।

जिल्लाको विभिन्न नाकाहरु ठाडी,झाझपट्टी,बरहरी, वरियारपटि,औरही,र खैरटोका (माडर) तथा चोरबाटोहरु प्रयोग गरी शसस्त्रप्रहरी बल र नेपाल प्रहरीहरुकै आखाँ अगाडीबाट दैनिक ब्राउन सुगर,नाइट्रोजन टयाबलेट,नाइट्रोभेट,कोरेक्स सिरप,डिसि.डाइलेक्स,फेनार्गन लगायतका लागु औषध तस्करहरुले वारीपारी गर्ने गरेको स्थानिहरु बताउछन्।

हिजोमात्र सिरहा प्रहरीले भारिमात्रामा प्रतिवन्धित लागुऔषध सहित एउटा मोटरसाइकल बरामद गरेको छ। ईलाका प्रहरी कार्यालय मिर्चैयाले नरहा गाउँ पालिका ३ नयाँ चोहर्वाबाट कोविवेल सिरफ एक सय एमएलको दुई सय बोतल, डल्फ डीसी एक सय एमएलको ५० थान, नाइट्रोजन ट्र्याबलेट ९१ थान सहित प्र. १-०५-००१प ७६०८ नम्वरको मोटराइकल बरामद गरेको हो।

प्रहरीले सरप्राइज चेकिङ्गमा रहेका देखेर लागु औषध तस्करहरु भाग्ने क्रममा मोटरसाइकल लडन पुगेको थियो। मोटरसाइकल लडाएर भागेपछि सङ्का लागि झोला चेकजाच गर्दा झोलाभित्र रहेको प्लास्टिकको बोरामा सो परिणामको प्रतिवन्धित लागुऔषध बरामद भएको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डीएसपी जितेन्द्र कुमार वस्नेतले जानकारी दिए।

लडेको मोटरसाइकल उठाउन पुगेको स्थानीय र प्रहरीलाई देखेपछि मोटरसाकलमा सवार दुवैजना झोला छोडेर फरार भएको एक प्रत्यक्ष दर्शिले जनाए। लगतै आएका स्थानीय र प्रहरीले झोला खोली हेर्दा बोराभित्र प्याक गरेको सामान बरामद भएको प्रहरीको भनाई छ।

बरामद मोटरसाइकल धनीसँगको समन्वयमा उनीहरुको खोजीकार्य थाल्ने प्रहरीको भनाई छ। घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ।



त्यसैगरी, गत चैत ७ गतेका दिन भारतीको मधुवनी प्रहरीले पश्चिम बंगालको ब्राउन सुगर कारोवारी विशेष सुचनाको आधारमा उमर शेख र मुजफर हुसैनको साथबाट १ हजार ५ ग्राम ब्राउन सुगर बरामद गरेको थियो। पक्राउ परेका नामुद लागु औषध कारोवारीसंग भारतीय प्रहरीले लिएको बयानको आधारमा सिरहा जिल्ल संगै टासिएका भारतीय बजार जयनगरबाट बैशाख २ गते गोप्य सुचनाको आधारमा जयनगरको शहिद चौक रेलवे ओभर व्रीजको तलबाट सिरहाको सोमन कुमार यादब र मनोज कुमार यादबको साथबाट ४ सय ५० ग्राम ब्राउन सुगर सहित ५८ हजार भारतीय रुपैया र १२ हजार ७ सय रुपैया पक्राउ गरेको थियो।

यसलाई मात्र आधारमान्दा पनि सिरहामा लागु औषधको तस्करीको अवस्था भयावह रहेको पुष्टि गर्छ।

शसस्त्र प्रहरीवलको ७ वटा विओपि, र नेपाल प्रहरीको सोही सिमानाका एरियामा ७ वटा इलाका प्रहरी कार्यालय रहेपनि तस्कर र सेवनकर्ताहरु सयौँको संख्यामा वारीपारी गर्दापनि प्रहरी वेखबर रहेको स्थानियहरु बताउछन्।

सिमानाकाहरु खुकुलो भएसंगै लागुऔषधको कारोवार पनि भयावह रुपमा बढेको स्थानियहरु बताउछन्।

**सिरहा प्रहरीको सफलता**

सिरहा प्रहरीले चालु आर्थिक वर्षमा २ सय ६२ जना लागु औषध कारोवारी र सेवनकर्ता पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता रविन्द्र राज पाण्डेले जनाएको छ। प्रहरीले गोप्य सुचनाको आधारमा हालसम्म १ सय ८४ वटा मुदामा ३ जना महिला र २ सय ५९ जना पुरुष सहित लागुऔषध कारोवारी तथा प्रयोग कर्ता प्रक्राउ गर्न सफल भएको प्रवक्ता पाण्डेले जनाएको छ।

प्रहरीले चालु आर्थिक वर्षको जेठ मसान्त सम्ममा ३ सय ६६ किलो गाँजा, १ सय ३९ ग्राम ६३० मिलिग्राम ब्राउन सुगर,र अन्य औषधी जन्य लागु पदार्थ नाइट्राभेट ३ हजार ९ सय ५८ पिस टयाब्लेट,नाइट्राकार,२ सय,Spasmo proxyvon plus ६ सय ६५ पिस,डाइलेक्स डि.सि. ४ सय १६ बोतल सिरफ,डाइजेपाम २ हजार ३९५ एम्पुल,फेनारगन २ हजार ९८८ एम्पुल लगायत ठुलो मात्रामा लागुऔषधहरु बरामद गर्न सफल भएको प्रवक्ता पाण्डे बताउछन्। उनले भने, ' लागु औषध नियान्त्रणमा हामी कटीबद्ध भई लागीपरेको बताए। उनले, 'लागु औषध नियन्त्रणमा अभिभावक,युवा,नागरिक समाज लगायतले आ-आफनो भुमिका निर्वाह गर्न जरुरी रहेको उनको भनाई छ।'

प्रहरीले लागु औषध नियन्त्रण गर्न निम्न प्रयासहरु गरेपनि तस्करहरु सिरहाको विभिन्न नाकाहुँदै उदयपुरको कटारी र गाइघाट सम्म लागुऔषध विक्रिवितरणका लागी पुर्याउने गरेको स्रोतले जनाएको छ। जिल्लाका गाउँ गाउँका स-साना औषधी पसलहरुमा पनि प्रतिवन्धित लागुऔषध लुकाई छिपाई विक्रि गर्नेगरेको स्रोतको दावी छ।

प्रहरीले दैनिक रुपमा केही लागुऔषध तस्कर तथा सेवनकर्ताहरु पक्राउ गरेपनि लागु औषधको कारोवारी तथा सेवनकर्ताहरुको संख्या दिनप्रतिदिन बढदै गईरहेको प्रति स्थानिय अभिभाकहरु चिन्तित छन्।

नेपालमा प्रतिबन्ध गरिएका लागु औषध भारतीय बजारमा सहजै पाउने र सिमानाकाहरुमा फितलो निगरानीका कारण सहज रुपमै वारीका वजार सम्म आउने भएकोले दिनदिनै गाँउ घरका युवाहरु लागु औषधको शिकार बनिरहेको जानकारहरु बताउछन्।

# सम्झौताविपरीत बकैया नदीमा...

अवस्थामा ठेकेदारले सम्बन्धित निकायको मिलोमतोमा वन क्षेत्रमा नदीजन्य पदार्थ थुपारिएका हुन्। यसबारे डिभिजन वन कार्यालय बाराका प्रवक्ता एवम् सहायक वन अधिकृत जवाहरलाल प्रसाद कुर्मीले नदीजन्य पदार्थ थुपार्न रोक लगाउने निर्देशन दिइने बताए। उनले कुनै पनि स्थानीय तहलाई नदीजन्य पदार्थ उत्खनन् गर्न, गराउन सहमति नदिएको बताए। यदि अवैध रुपमा नदीजन्य पदार्थको उत्खनन् भइरहेको छ भने तत्काले त्यो कार्य रोकिने उनको भनाइ छ।

**राजस्व छली**

नदीजन्य पदार्थ उत्खनन्मा ठेकेदारले राजस्व छलीसमेत गरेको पाइएको छ। ठेकदारलाई दुई ठाउँमा बसेर अनलाइन बिल काट्ने व्यवस्था मिलाएपनि बिल नै नकाटी ठेकेदारले आफ्नो मनोमानीरुपमा नदीजन्य पदार्थ उत्खनन् गरी लैजाने गरेको बताइएको छ।

इलाका प्रहरी कार्यालय, निजगढले केही दिनअघि मात्रै बिलविना नै नदीजन्य पदार्थ लैजाँदै गरेको अवस्थामा ६ वटा टिपरलाई नियन्त्रणमा लिएको थियो। अनलाइन रसिद नकाटी हिँडेको ट्रिपरलाई जिल्ला समन्वय समिति बाराले एक लाख ८० हजार रुपैयाँ जरिवाना गरिछाडेको भए पनि त्यही ट्रिपरले पुनः बिल नै नकाटी नदीजन्य पदार्थ ढुवानी गरिरहेका छन्।

**अनुगमनको कमीले ठेकेदारको मनोपोली : नगरप्रमुख चौधरी**

कोल्वी नगरपालिकाका नगरप्रमुख रामप्रसाद चौधरीले अनुगमनको कमीले ठेकेदारले मनोपोली गरिरहेको स्वीकारे। उनले ठेकदारले सम्झौताविपरीत नदीजन्य पदार्थको उत्खनन् गरिरहेको आफूले पनि सूचना पाएको भन्दै अनुगमनमा प्रहरी प्रशासनको सहयोग नभएका कारण ठेकेदारको मनोपोली बढेको बताए।

उनले एक वर्षमा एक पटक मात्रै अनुगमन भएको बताए। गत फागुन १६ गते जिल्ला अनुगमन समितिका संयोजक एवम् जिल्ला समन्वय समिति, बाराका अध्यक्ष नरेन्द्रकुमार साह, जिल्ला अनुगमन समितिका सह-संयोजक एवम् बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटा, जिल्ला प्रहरी कार्यालय, बाराका प्रमुख होविन्द्र बोगटीलगायतको टोलीले अनुगमन गरेको थियो, त्यस पश्चात दोस्रोपटक अनुगमन हुन नसकेको बताए।

कोल्वी नगरपालिकाले आह्वान गरेको नदीजन्य पदार्थको ठेक्का बन्दोबस्तीलाई कोल्वी बाराका प्रसाईं निर्माण सेवा, रियन्स निर्माण सेवा, सिद्धार्थ निर्माण सेवा, रामदुलारी कन्स्ट्रक्सन जेभी कोल्हवी बाराले चार करोड एक रुपैयाँमा ठेक्का सकार गरेको हो। नगरपालिकाले ५७ लाख ११ हजार ८ सय ३५.५२ घनफिट नदीजन्य पदार्थको न्युनतम ठेक्का सकार रकम तीन करोड ९९ लाख ८२ हजार ८ सय ४८ रुपैयाँ ६९ पैसा तोकेको थियो।

ठेकदार र नगरपालिकाको मिलोमतोमा केबल चार करोड एक रुपैयाँमा ठेक्का लगाइएको हो । कोल्वी नगरपालिकाका तत्कालीन नगरप्रमुख प्रमुख भरतबहादुर भण्डारीको कार्यकाल आर्थिक वर्ष २०७४/७५ देखि लगाएको खोला ठेक्का, बजार ठेक्का, पटके सवारीकर ठेक्का बापतको करिब नौ करोड रुपैयाँ बक्यौता रकम अझैसम्म ठेकेदारहरूले नगरपालिकालाई बुझाएका छैनन्। ठेक्का रकम नबुझाए पनि सोही ठेकदारमार्फत नगरपालिकाले ठेक्का लगाएको छ। नगरपालिकाको मिलोमतो बक्यौता रकम हुँदाहुँदै पुनः त्यही ठेकेदारलाई ठेक्का दिइएको स्थानीयको आरोप छ। यसबारे नगरप्रमुख रामप्रसाद चौधरीले मानिस एउटै भएपनि फर्म अर्को भएकोले ठेक्का लगाएको बताए।

नगरपालिकाले पटकपटक सम्बन्धित ठेकेदारलाई रकम बुझाउन ताकेता र पत्राचार गर्दा पनि बक्यौता रकम नतिर्नेलाई कालोसूचीमा राखी पक्राउ गरी बक्यौता रकम असुल्नु पर्नेमा पुनः त्यही ठेकेदारलाई ठेक्का दिइएकोले यसमा स्थानीय निकायदेखि प्रशासनको समेत मिलोमतो रहेको पुष्टि हुन्छ। ठेकेदारले नगरपालिकालाई अन्तिम किस्ता बापत नगद एक करोड ३३ लाख ३३ हजार ३ सय ३३ रुपैयाँ बुझाउनुपर्छ। ठेकेदारले नगरपालिकालाई बक्यौता रकमको केही चेक उपलब्ध गराएका छन्। जेठ २५ गतेदेखि नगरपालिकालाई किस्ताबन्दी रूपमा रकम असुलिने कोल्वी नगरपालिकाका लेखा अधिकृत सुरेन्द्रप्रसाद चौधरीले बताए। शर्तमा नगदै जम्मा गर्नु पर्ने भए पनि चेक किस्ताबन्दीमा लिएर ठेकदारलाई छुट दिने काम भएको छ।

**स्थानीय तहलाई नै अनुगमन गर्न भनेको छुः प्रजिअ**

बाराका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) नवराज सापकोटाले अवैध उत्खनन् रोक्न प्रहरीलाई निर्देशन दिएको बताए। उनले ठेक्का लगाएको नगरपालिकालाई नै अनुगमनको जिम्मा पनि लगाइएको बताए। वर्षमा एकपटक अनुगमन गरेर मात्रै नहुने भन्दै प्रजिअ सापकोटाले कार्य व्यस्तताको कारण आफू अनुगमनमा जान नसकेको भन्दै पटकपटक अनुगमन गर्न स्थानीय तहलाई नै भनेको बताए।

# रुपनीका किसानले पाए परिचयपत्र

**विनय कर्ण**
**सप्तरी।**

रुपनी गाउँपालिका सप्तरीले किसानहरुलाई बिहीबार परिचयपत्र वितरण गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय समावेशी आयोगका सदस्य बिष्णुमाया ओझा र गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवले संयुक्त रुपमा किसानलाई परिचयपत्र दिएर शुभारम्भ गरेका हुन्।

शुभारम्भ कार्यक्रममा किसानको अधिकारप्रति समर्पित वर्गीकरण सहितको किसान परिचयपत्र लेखिएको कार्ड ३९ जनाले प्राप्त गरेको रुपनी गाउँपालिकाले जनाएको छ। योसँगै किसान परिचयपत्र वितरण गर्ने रुपनी जिल्लाकै पहिलो पालिका बनेका छन्। परिचयपत्र वितरण कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय समावेशी आयोगका सदस्य विष्णुमाया ओझाले नेपाल सरकारको वजेटले नेपाली वजार, नेपाली उत्पादन र नेपाली उपभोक्ताको नारा सफल बनाउनुपर्नेमा जोड दिईन्।

यस्तै कृषक समुह महासंघको सदस्य जीवन्ती पौडेलले कृषिको नाममा नीति बनाईए पनि वास्तविक किसानको घर दैलोसम्म सरकारको सेवा सुविधा पुग्न नसेको बताईन्। उनले निम्न स्तरका किसानको जीवनस्तर माथि उठाउन र कृषकको मर्यादित जीवनको परिकल्पनालाई अव यथार्थमा परिणत गनुपर्ने आवश्यकता औल्याईन्।



गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवले जग्गाको क्षेत्रफल, आर्थिक हैसियत, परिवारको संख्या लगायतको मापदण्डको आधारमा ठूला, मध्यम , साना तथा भूमिहिन सिमान्तकृत मजदुर किसान गरी किसानलाई चार तहमा वर्गीकरण गरि परिचयपत्र उपलब्ध गराईएको जानकारी दिए।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरू ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धन आर्जनका नया स्रोतहरु खुल्नेछन, तपाइको को कार्यको उचित मूल्यांकन होला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
पारिवारिक सद्भाव बढ्नेछ, सहित्य तथा संगीतमा रुची बढ्नेछ। आजको दिन तपाइको पक्षमा छ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
रोगबाट मुक्ति पाइएला। अधुरा काम बन्नाले मन हर्षित होला।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ब्यापार तथा नोकरीबाट धन आर्जन हुने देखिन्छ। परिवारजनको सहयोग पाइएला।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पराक्रम वृद्धि होला, ठुला ठुला कार्य गर्न मन लाग्नेछ दाजुभाइको साथ् र सहयोग रहनेछ

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
अपरान्हपछी चोटपटक को भय हुनाले साबधान रहनुहोला।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
घरजग्गा तथा साधन बाहन किनबेच हुनसक्छ। आमाको सहयोग र आशिर्वादले धन आर्जन हुनसक्छ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
शैक्षिक क्षेत्रमा सुधार होला, अरुको बचन टाल्न नसक्दा दुख पाइनेछ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
धार्मिक कार्य तथा समाजसेवामा मन जानेछ, स्वास्थ्य मा समस्या आउन सक्नेछ सचेत रहनुहोला।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
चोटपटक लाग्न सक्ला, शत्रुपक्ष बलवान हुनेछन, आजको दिन कुनै नया कार्य नगरेको राम्रो हुनेछ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
पश्चिम तिरको यात्रा गर्दा साबधानी अपनाउनुहोला। प्रेम बढ्ने योग छ, पत्नी तथा पुत्रबाट सहयोग पाइएला।

# चन्द्रनिगाहपुरमा बढ्यो खानेपानीको चुनावी सरगर्मी



**मुकेश कुमार साह**
**रौतहट ।**
रौतहटको चन्द्रपुर स्थित चन्द्रनिगाहपुर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको निर्वाचन नजिकिएसँगै यहाँ चुनावी सरगर्मी बढेको छ ।

ठूला-साना दलहरु नेतृत्व आफ्नो हातमा पार्न चुनावी कसरतमा जुटेका छन् । सोही सन्दर्भमा नेकपा (एमाले), नेपाली काङ्ग्रेस , नेकपा (एकीकृत समाजवादी) लगायतका दल  मिलेर बाम लोकतान्त्रिक समुहबाट किशोर प्रसाद उपाध्यायको नेतृत्व समुह बनाएर चुनावी मैदानमा उत्रिएका छन् ।

नेतृत्वमा नौ सदस्यीय कार्यसमितिका लागि उपाध्यायको नेतृत्वमा  मैदानमा उत्रिएको हो । संस्थाको उपाध्यक्षका लागि डोल बहादुर ठाडा मगर,सचिवमा अवधेश हरी भट्टराई , कोषाध्यक्षमा बिनिता बखेल , सदस्यमा बृजेश प्रसाद साह(पंकज), प्रहलाद मैनाली,दुर्गा प्रसाद हुमागाई,राम प्रसाद साह, बलराम सापकोटा र भरत प्रसाद अधिकारी रहेका छन ।

यस्तै  महिला सदस्यमा रत्न कुमारी खडका,कल्पना दाहाल र जानुका तिमलसिना  उम्मेदवार बनेका छन  । त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्पा)ले लेखनाथ कोईरालाको नेतृत्वमा स्वतन्त्र प्यानल बनाएर चुनावी मैदानमा होमिएका छन । प्यानलले उपाध्यक्षमा बिश्वजित बन्जारा,सचिव रन्जन कुमार काफ्लेर कोषाध्यक्षमा मरछिया देवीलाई अगाडि बढाएका छन् । खुल्ला सदस्यमा कुल प्रसाद अधिकारी,खड्ग बहादुर न्यौपाने,मुन्ना श्रेष्ठ गौतम,रामचन्द्र शिवाकोटी,नेहरुल नेसा,सत्यभामा अधिकारी ,महिला सदस्यमा जुनकीरी बि.क र यसोदा भट्टराई रहेका छन् । आ-आफ्नो एजेण्डासहित चुनावी मैदानमा उत्रिएका उनिहरुको एउटै भनाइ छ, चन्द्रनिगाहपुर  खानेपानीलाई व्यवस्थित बनाउने ।

 बाम लोकतान्त्रिक समुहका अध्यक्ष प्रत्यासी उपाध्यायले उपभोक्ताहरुलाई शुद्ध, स्वच्छ र स्वस्थ खानेपानीको व्यवस्था गर्ने,पिउने पानीको महसुल घटाउँदै नयाँ मूल्य निर्धारण गर्ने लगायतको कार्ययोजना सुनाए । उनले भने, ‘म बोल्ने भन्दा पनि काम गरेर देखाउँछु । त्यस्तै, उपाध्यक्षका उम्मेदवार ठाडा मगरले धारा नपुगेको ठाउँमा प्राथमिकताको आधारमा नयाँ पाइपलाइन विस्तार गरी नयाँ धारा जडान गर्ने बताए । उनले संस्थामा केही काम भए पनि उपभोक्ताको अपेक्षा अनुसार काम नभएको उल्लेख गरे। उनले सर्वसुलभ र गुणस्तर सेवा दिनका लागि उम्मेदवारी दिएको बताए ।

यस्तै, सचिवका उम्मेदवार भट्टराईले संस्थाको कार्यालय व्यवस्थापनमा समस्या भएको बताउँदै संस्थामा सुशासन कायम गर्दै स्वच्छ र सर्वसुभल पानीको उपलब्ध गराउन आफू चुनावी मैदानमा उत्रिएको सुनाए । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारहरुले खानेपानी संस्थाको विकृति, विसंगति र दुरुपयोग रोक्न कुनै दलसँग गठबन्धन नगरी एक्लै चुनावी मैदानमा उत्रिएको बताए । आफूहरुसँग ज्ञान, क्षमता, जोश जाँगर अनि उत्साह भएकाले उपभोक्ताले विश्वास गरेर मतदान गर्ने स्वतन्त्र समुहका अध्यक्ष पद उम्मेदवार लेखनाथ कोईरालाले दाबी गरे । उनले आफ्नो प्यानल जिते चोक बजार एवंम भिडभाड हुने स्थानमा वाटर एटिएम मेशिन राखी शुद्ध खानेपानी खुवाउने जस्ता एजेन्डा रहेको  सुनाए । लोकतान्त्रिक समुहका उपाध्यायको नेतृत्वले हास चुनाव लिएर चुनावमा होमिएका छन भने स्वतन्त्र समुहका कोईराला जेब्रा छाप लिएर चुनावी मैदानमा उत्रेका छन । उनिहरु दुवैजना उपभोक्ताको घर-घरमा आफु प्रती मत तान्न पुगीरहेका छन । जेठ २७ गते चन्द्रनिगाहपुर जनज्योती बहुमुखी क्यापसमा हुने चुनावको तयारी अन्तिम चरणमा पुगेको निर्वाचन समितिका संयोजक कृति सुबेदीले जानकारी दिए ।

# गौर हत्याकाण्डसम्बन्धी मुद्दा ‘हेर्न नभ्याइने’ सूचीमा



**मधेशदृष्टि**
**काठमाडौं ।**
गौर हत्याकाण्डसम्बन्धी मुद्दा सर्वोच्च अदालतले ‘हेर्न नभ्याइने’ सूचीमा राखेको छ ।

सर्वोच्चका न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासमा बिहीबार परेको उक्त मुद्दा ‘हेर्न नभ्याइने’ सूचीमा परेको हो ।वि.सं. २०६४ चैत २७ गते तत्कालीन मधेशी जनाधिकार फोरम र नेकपा माओवादी केन्द्रका कार्यकर्ताबीचको झडपमा २८ जना माओवादी कार्यकर्ता मृत्यु भएको थियो ।

जसलाई गौर हत्याकाण्डले चिनिन्छ ।जेठ २१ गते यस हत्याकाण्डविरुद्ध पीडित परिवारका तर्फबाट त्रिभुवन साहले सर्वोच्च अदालतमा मुद्दा दर्ता गराएका थिए ।

उक्त मुद्दाको पेसी जेठ २२ गते न्यायाधीश कुमार रेग्मीको इजलासमा परेको भए पनि ‘हेर्न नभ्याइने’ सूचीमा राखिएको थियो । बिहीबार पनि न्यायाधीश राउतको इजलासमा परेको उक्त मुद्दा ‘हेर्न नभ्याइने’ सूचीमा परेको हो ।

आज न्यायाधीश राउतका लागि तीन वटा छुट्टाछुट्टै कजलिस्ट तोकिएको थियो । जसअनुसार न्यायाधीश राउतको एकल इजलास, राउत र कुमार रेग्मीको संयुक्त इजलास तथा राउत र सुष्मालता माथेमा अर्को संयुक्त इजलास तोकिएको थियो । न्यायाधीश राउतको एकल इजलासमा परेको गौर हत्याकाण्ड समेतको सूची रहेको क्लष्टरबाट बन्दी प्रत्यक्षीकरणको एक मात्रै रिट हेरेर अन्य रिट निवेदन ‘हेर्न नभ्याइने’मा राखिएको छ ।

# सुशासनको माग राख्दै जारी अनशन ८५ घन्टापछि तोडियो

**मधेशदृष्टि**
**सिरहा ।**
सिराहाको कल्याणपुर नगरपालिकाका एक युवकले नगरमा सुशासन कायम गर्नुपर्नेलगायतका विभिन्न ११ बुँदे माग राख्दै सुरु गरेको आमरण अनशन ८५ घन्टापछि तोडिएको छ ।

कल्याणपुर नगरपालिका- १० का ३२ वर्षीय सुभेन्द्र साहले कल्याणपुर नगरपालिकामा भइरहेको बेथितिविरुद्ध गत आइतबार बिहान ११ बजेदेखि अनशन सुरु गरेका थिए ।

नगरपालिकामा विभिन्न पदमा आफन्तलाई गरिएको गैरकानुनी नियुक्ति खारेजी, सार्वजनिक जग्गाको संरक्षण, पूर्वाग्रही रूपमा गरेको निर्माण, नगरपालिकाका जनप्रतिनिधिको बालबालिकालाई सरकारी विद्यालयमा पठनपाठन गराउनुपर्ने, आर्थिक वर्ष ०७८/७९ र ०७९/८० को आयव्यय सार्वजनिक गर्नुपर्नेलगायतका ११ बुँदे माग राख्दै उनी अनशन बसेका थिए ।

परमेश्वर साह संयोजक रहेको नगरपालिकाको वार्ता टोली र अनशनरत पक्षका संयोजक गजेन्द्रप्रसाद साहको टोलीबीच चलेको छलफलबाट सहमति भएको थियो । बुधबार राति ११ बजे लिखित सहमति भएपछि आफूले ‘गंगाजल’ ग्रहण गरी अनशन तोडेको सुभेन्द्रले बताए ।आफ्नो अनशनप्रति प्राप्त सदभावका निम्ति धन्यवाद दिँदै उनले सुशासन र विकासका लागि स्थानीय स्तरबाटै खबरदारी गर्नुपर्ने आवश्यकता रहेको औँल्याए ।

# शिक्षक सरुवा वैधानिक रहेको उच्च अदालत जनकपुरको ठहर

**मधेशदृष्टि**
**गौशाला ।**
गौशाला नगरपालिकाले गरेको शिक्षक सरुवा वैधानिक रहेको उच्च अदालत जनकपुरले फैसला सुनाएको छ । विहिबार उच्च अदालत जनकपुरले गौशाला नगरपालिकाले शिक्षक सरुवा गरेको शिक्षा संचालन व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि, २०७५ को दफा २० को ष एंव गौशाला नगरपालिकाको शिक्षक व्यवस्थापन तथा विषयगत दरबन्दि मिलान कार्यविधि २०८० को परिच्छेद ४ को ४.४ बमोजिम कामकाजमा खटाउन सकिने र कामकाजमा खटाईएका शिक्षकहरुको विषयमा अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था नरहेको उच्च अदालतको निर्णयमा उल्लेख गरिएको छ ।

गौशाला नगरपालिका भित्र रहेको सामुदायिक विद्यालयमा कार्यरत ९९ जना शिक्षकहरुलाई जेष्ठ २ गते काज सरुवा गरिएपछि गौशाला नगरपालिकाको शिक्षकहरु जेष्ठ २ गते गौशाला नगरपालिकाले गरेएको शिक्षक सरुवा अवैधानिक रहेको भन्दै यहाँका शिक्षकसँग सम्बन्धित रहेका फ्रन्टहरु प्रत्यक्ष रुपमा विरोध जनाएका थिए । शिक्षक सरुवाको विरोधमा अल्मिटेम, ध्यानाकर्षण हुँदै अदालतको ढोका ढक्कढकाएका थिए ।

# प्रहरी र स्थानीयबीच झडप इन्स्पेक्टरसहित दुई घाइते

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीमा प्रहरी र स्थानीयबीच झडप हुँदा ५ राउण्ड गोली प्रहार गरिएको छ ।

जिल्लाको धनकौल गाउँपालिका-७ मा भन्सार तस्करी गरेर ल्याइएका अवैध खाद्यको विषयमा प्रहरी र गाउँलेहरुबिच झडप हुँदा प्रहरीले ५ राउण्ड हवाई फायर गरेको हो ।बिहीबार दिउँसो गाउँकै स्थानीय राजु सहनीले भारतबाट तस्करी गरेर ल्याएको लाखौं मूल्य बराबरको खाद्य घरमा लुकाएर राखेको सूचना पाएपछि इलाका प्रहरी कार्यालय बरहथवाबाट खटेको टोलीले नियन्त्रणमा लिन खोज्दा झडप भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायव उपरीक्षक दिपेन्द्र पंजियार थारुले जानकारी दिए ।

स्थानीयले ढुंगामुढा गर्दा प्रहरी निरीक्षक सुमित कुशवाहा र एकजना नाम खुल्न नसकेका हवल्दार घाइते भएको उनले बताए । घाइते प्रहरी निरीक्षक कुशवाहाको टाउकोमा गम्भीर चोट लागेको र उनलाई ८ वटा टाँका लगाइएको उनले जानकारी दिए । लाखौंको खाद्य ढुवानी गरेर घरमा लुकाएको विषयबारे प्रहरीले जानकारी पाएपछि नियन्त्रणमा लिन खोज्दा गाउँलेहरुले प्रतिकार गरेको डीएसपी थारुले बताए । उनले स्थितीलाई नियन्त्रणमा लिन ५ राउण्ड हवाई फायर गर्नुपरेको जानकारी दिए ।अहिले त्यहाँको अवस्था सामान्य रहेको र लुकाएर राखिएका खाद्य नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा ल्याइएको उनले बताए ।


## नगराईन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## नगराईन, धनुषा
**मधेश प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**प्रकाशित मिति : २०८०/०२/२६**

यस नगरपालिकाको मिति २०८०/०१/२५ गत्ते मधेश दृष्टि राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित खुल्ला रुपमा बोलपत्र आव्हानको सार्वजनिक सूचना अनुसार दर्ता हुन आएका बोलपत्र मध्ये तपसिलमा उल्लेख भएको फर्म/संस्थाको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनका लागि सम्बन्धित सबैमा जानकारीको लागि यो ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ |

तपसिल

| सि.नं | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोल्पत्रदताको नाम | कबोल रकम मु.अ.कर.सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | NM/Goods/01/2 079/080 | Supply & Delivery of Furniture (Wooden Desk-Bench) for Schools | जय बिश्वकर्मा फर्निचर उधोग, जनकपुर २ | २८,०५,८८६.०५ | |

राम गुलाम लाल (कर्ण)
प्रमुख प्रशासकीय अधिकृत


# प्राधिकरण अध्यक्ष यादवद्वारा परिषद् परित्याग



**मधेशदृष्टि**
**राजविराज ।**
विगत दुई दशकदेखि साहित्य परिषद्मा आवद्ध साहित्यकार एवम् मैथिली अभियानी श्यामसुन्दर यादवले अध्यक्ष पदमा उम्मेदवारी फिर्ता लिंदै संस्थाको आजिवन सदस्यता समेत परित्याग गरेका छन् । उनले बुधबार एक प्रेस विज्ञप्ति जारी गर्दै उनले आफु विगत दुई दशकदेखि मैथिली साहित्य परिषदमा निरन्तर सक्रिय रहेर योगदान पुर्याए पनि थरमा यादव लागेकै कारण अध्यक्ष बन्नबाट वञ्चित गरेको आरोप लगाएका हुन् ।

परिषद्को सदस्यदेखि उपाध्यक्षसम्मको पदमा दुई दुई कार्यकाल रहँदै मैथिली क्षेत्रमा रहेको सेवा गर्दै आए पनि आफुलाई वञ्चित गरेको उनको आरोप छ ।

**कुनै पनि काम प्रेमिल ढंगले क्षमतामा गरियो भने नतिजा सोचे भन्दा उत्तम हुन्छ।**

- जोन रस्किन

## सम्पादकीय

# लायन्स क्लबको समाजसेवा

सन १९७३ मा स्थापना भएको लायन्स क्लब अफ वीरगंज ५० वर्ष पुगेको छ । क्लबका संस्थापकहरु बाबुलाल चाचान, आत्मराम काबरा, आरपी खेतान, गुलाबचन्द्र अग्रवाल, रमेशकुमार अग्रवाल, राजकुमार सिन्धी, देवकीनन्दन अग्रवाललगायतका थिए । त्यतिखेर वीरगंजमा क्लब स्थापना गरेर सामाजिक कार्य गर्नु एउटा अनुपम आनन्द त थियो नै व्यापार व्यवसायमा पनि जोडिएर जिन्दगीको रथ दौडाउनु अर्को चुनौती थियो । विकसित हुँदै गरेको वीरगंज र वीरगंजमा घरानाहरुको व्यापार व्यवसाय आरम्भचरणको संघर्ष पक्कै चुनौतीपूर्ण रहने नै भए । यही अवसर, चुनौती र संघर्षका बीच एउटा सामाजिक संस्था स्थापनाले ५० वर्ष पूरा गर्दा पक्कै संस्थापकहरुले आनन्दानुभूति गर्ने नै भए । आउँदो सेप्टेम्बरसम्म क्लबले स्वर्ण महोत्सव मनाउने काम आरम्भ गरेको छ। एसएलसी बोर्डफस्ट, वीरगंजको यो अवस्थासम्मका नेतृत्वकर्ता एक कुशल अभिभावक, लायन्सका संस्थापक र सफल उद्यमी घरानाका अगुवा बाबुलाल चाचानसहित उद्योगी, व्यापारीलाई सम्मान गरेर लायन्स क्लब अफ वीरगंजले स्वर्ण महोत्सव आरम्भ गरेको छ। अन्य संस्थापकहरु पनि सम्मानित भएका छन्।

लायन्स क्लब अफ वीरगंजले गरेका अनेक सामाजिक काम छन् । नेतृत्वमा रहेका बेला गंगा अग्रवालको पहलमा अर्बौं विदेशी अनुदान उपलब्ध भयो । यो रकमले सामाजिक क्षेत्रमा उल्लेख्य काम भएका छन्। उसो त लायन्स क्लब अफ वीरगंज सबैभन्दा बढी रक्तदान गर्ने संस्था बनेको छ। यही क्लबको पहलमा वीरगंजमा ३६ वटा र हेटौँडामा ३२ वटा लायन्स क्लब पनि स्थापना भएको छ। लायन्स क्लब अफ वीरगंज डिष्ट्रिक ३२५ एसले बिहिबार ५० वर्ष पुगेको अवसरमा स्वर्ण महोत्सव मनाएर खुशी साटासाट गर्दा ५० वर्षको संघर्ष र यात्रा पनि स्मरण गरिएको छ । वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले सामाजिक संघसंस्थाको सहयोगबाटै महानगर समृद्ध बनाउन सकिने बताएर लायन्सको सामाजिक कार्यको मुक्तकण्ठले प्रशंसा गरे । वैभव वीरगंज बनाउने महानगरको अभियानमा यस्ता सामाजिक संस्थाहरुको साथ महत्वपूर्ण रहने बताए। लायन्स क्लब आफैँ छिट्टै वीरगंजमा ब्लड बैंक स्थापना र सञ्चालन गर्ने तयारी गरिरहेको छ।

सन् १९७३ मा वीरगंजमा नेपाल भारत सीमावर्ती क्षेत्रका व्यवसायीको भेलाले लायन्स क्लब वीरगंज गठन गर्दा यो अवस्थासम्म पुग्ने नपुग्ने कल्पना थिएन। तर आज वीरगंजको पर्यायका रुपमा लायन्स क्लब अफ वीरगंज सक्रिय छ । वीरगंजका असहाय गरिबलाई लक्षित गर्दै विभिन्न कार्यक्रम भएका छन्। फरक क्षमता भएकालाई सहयोगी सामग्री वितरणमा लायन्स क्लबको सहयोग उत्कृष्ट रहेको छ। वीरगंजमा लायन्स क्लबले श्रीपुर स्कुलमा सभाहल निर्माण गरी महानगरपालिकालाई जिम्मा लगाउने तयारी गरेको छ । स्वर्ण महोत्सवको अवसरमा एक वर्षभर विविध कार्यक्रम आयोजना गर्ने लायन्स क्लबको तयारीलाई सबैले राम्रो मानेका छन्। एउटा सामाजिक संस्थामा अशल र सबल नेतृत्व भयो भने त्यो संस्था सिंगो सहर र बस्तीको पनि पर्याय बन्न पुग्छ भन्ने प्रमाण हो लायन्स क्लब अफ वीरगंज। सामाजिक कार्य गर्दागर्दै क्लबको ५ दशक बितेको पत्तै भएन।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# मिथिलामा शिव उपासना



हम नहि आजु रहब अहि आँगन
जं बुढ होइत जमाय, गे माई.
एक त बैरी भेल बिध बिधाता
दोसर धिया केर बाप।
तेसरे बैरी भेल नारद बाभन।
जे बुढ अनल जमाय। गे माइ॥
पहिलुक बाजन डमरु तोड़ब
दोसर तोड़ब रूण्डमाल। गे माइ॥
बड़द हाँकि बरिआत बैलायब
धियालय जायब पराय गे माइ।



• वीरेन्द्र रमण

आजु
नाथ एक व्रत महा
सुख लागल हे ।
तोहे सिव धरु नट भेस कि डमरू
बजाबह हे। ।
तोहे गौरी कहैछह नाचय हमें कोना नाचब
हे।।
चारि सोच मोहि होए कौन बिधि बाँचब हे।।
अमिअ चुमिअ भूमि खसत बघम्बर जागत
हे।।
होएत बघम्बर बाघ बसहा धरि
खायत हे।।

शंकर वा महादेव अरण्य संस्कृतिका सबैभन्दा महत्त्वपूर्ण देवताहरू मध्ये एक हुन्, जसलाई पछि सनातन शिव धर्म भनिन्छ र उहाँ त्रिदेव देवताहरूमध्ये एक हुनुहुन्छ। उहाँलाई देवताका देवता महादेव पनि भनिन्छ। उनलाई भोलेनाथ, शंकर, महेश, रुद्र, नीलकण्ठ, गंगाधर आदि नामले पनि चिनिन्छ। उनलाई तन्त्र अभ्यासमा भैरव पनि भनिन्छ। मिथिलामा शिव उपासनाको निकै महत्वपूर्ण स्थान रहेको छ। शिव र शक्तिको उपासना मिथिलामा आजदेखि हैन प्राचीनकाल देखिको परम्परा रहेको छ। मिथिलाको जति प्राचीन ग्रन्थहरु छन्। ती सबै गन्थहरुमा शिव उपासनाको निकै महतव दिइएको छ। मिथिलामा निकै प्राचीन शिव मन्दिरहरु समेत रहेको छ। यसले समेत मिथिलामा शिव उपासनाको महत्वलाई दर्साउने गरेको छ। मिथिलामा अहिलेसम्म पाइएको प्राचीन पुरातात्विक स्थलहरु मध्ये सबैभन्दा धेरै शिवको प्राचीनस्थल रहेको छ। जसले मिथिलाको ऐतिहासिकतालाई दर्शाउने गरेको छ। मिथिलाको प्राचीन ग्रन्थहरुमा समेत शिवको विविध स्वरुपको चर्चा गरिएको छ। मिथिलामा गाइने लोक गीतहरुमा शिवको परिवारको चर्चा पाइन्छ । शिवलाई रुद्रको स्वरुपमा चर्चा गरिएको छ। चाहे त्यो ऋग्वेदको सुक्तहरु हुन् अथवा अथर्ववेद, यजुर्वेद, जैमिनीयब्राम्हण, शतपथब्राम्हण एवम् कौशितकी ब्राम्हण जस्ता गन्थहरुमा शिवको रुद्र स्वरुपको चर्चा गरिएको छ। कतिपय शिव मन्दिरहरु जो मिथिलामा अहिले पनि विदमान रहेको त्यसलाई जनश्रुतिको आधारमा यसको प्राचीनताहरुको विषयमा थाहा पाउन सकिन्छ। जस्तो मिथिलाको राजधानी जनकपुरको चारै कुनामा शिव मन्दिर रहेको छ।

राजा जनक बिहान बेलुका शिवको उपाना गर्नु हुन्थ्यो जस्ता चर्चाहरु कतिपय ग्रन्थमा पाइन्छ भने कतिपय ठाउँमा यसको चर्चा जनश्रुतिको आधारमा पाइन्छ। तर एउटा सत्य र तथ्यलाई के स्थापित गरेको छ भने मिथिलामा प्राचीनकालदेखि नै शिवको उपासना हुँदै आएको थियो। शुक्ल यजुर्वेद संहिता अन्तर्गत रुद्र अष्टाध्यायी अनुसार मानव कल्याणका लागि सूर्य, इन्द्र, विराट पुरुष, हरियो रुख, अन्न, जल, हावा र सबै भगवान शिवकै स्वरूप हुन्। भगवान शिवले सूर्यको रूपमा मानव जातिको कर्मलाई ध्यानपूर्वक अवलोकन गरेर समान फल प्रदान गर्नुहुन्छ। तात्पर्य सारा ब्रह्माण्ड शिवमय हो। मानिसले आफ्नो कर्म अनुसार फल प्राप्त गर्छ अर्थात् स्वस्थ बुद्धि भएकालाई भगवान शिवले वर्षा, अन्न, धन, स्वास्थ्य, सुख आदिको रूपमा जल प्रदान गर्नुहुन्छ र शिवजीले पनि रोग, दुःख र मृत्यु आदिको नियम गर्नुहुन्छ।

मिथिलामा गाउँगाउँमा धार्मिक ग्रन्थहरुमध्ये रामायणको समेत निकै प्रभाव रहेको छ। खास गरेर तुलसीदास कृत रामायाणको प्रभाव गाउँगाउँमा देखिएको छ। सो ग्रन्थमा समेत शिव उपासना र शिवको महत्वको चर्चा गरिएको छ। रामायणमा भगवान रामको भनाइअनुसार शिव र रामको भिन्नता जान्ने व्यक्ति भगवान शिव वा भगवान रामलाई कहिल्यै प्रिय हुन सक्दैन। सिन्धुघाँटीको सभ्यतामा शिव पुजनको धेरै प्रमाणहरु पाइन्छ। उत्तरवैदिक कालमा महान मैथिल ऋषि याज्ञवल्क्य शुक्ल यजुर्वेदको संकलन कर्ताको रुपमा प्रख्यत छन। उहाँले यस ग्रन्थको शतरुद्रीय नामक अध्यायमा आर्य देवता रुद्रको विराट स्वरुपको चित्रित गर्नु भएको छ। मिथिला शिवप्रतिको भक्ति भावनाको उदगम यसै कामलमा भएको मान्ने सकिन्छ अर्थात् मिथिलामा वैदिककालदेखि नै शिवको उपासना हुँदै आएको थियो। जो अहिले पनि अनवत रुपमा यथावत रहेको छ। मिथिलामा कहिले पनि शिव र देवी देवताको आधारमा भेदभाव गरिएको पाइदैन सबै धर्मको उत्तिकै आस्था रहेको छ।

मिथिलामा शिव आधारित साहित्य, काव्य नाटक स्तुति, ग्रन्थ टिकाग्रन्थ लेखनको साथै पूजापद्धतिको समृद्ध परम्परा रहेको थियो। मिथिलामा अिधकांस विद्वानहरुले शिवको विषयमा सविस्तार चर्चाहरु गर्नु भएको छ। यिनै चर्चाले मिथिलामा शिव उपासनाको प्राचीनतालाई समेत दर्शाउने गरेको छ। मिथिलामा गाइने लोक गीतहरुमा हेर्न हो भने शिवको विधि स्वरुपको चर्चा पाइन्छ। मिथिलाका अति प्रसिद्ध कवि विद्यापति अन्य देवि देवताको साथै शिवको उपाक हुनुहुन्थ्यो उहाँले शिवको उापसनाको लागि विभिन्न रचनासमेत गर्नु भयो। जसमा रहेक रसको प्रयोगहरु गरिएको पाइन्छ। शिवको परिवार शिवको आराधना शिवको स्वरुप लगायतको विस्तृत वर्णन गरिएको छ। मैथिलीका कवि विद्यापतिले शिव आधारणाको रुपमा उहाँको रचना नचारी मैथिली भाषाभाषी क्षेत्रमा निकै लोकप्रिय रहेको छ। शिव र पार्वतीको विवाहको समयमा निकै रोचक रचनामार्फत उहाँले आफनो कुरा राख्नु भएको छ।



विद्यापतिको अधिकांश रचनामा शिव परिवारको चर्चा पाइन्छ। भनिन्छ कि विद्यापतिको शिव आराधणबाट खुसी भएर शिव नै उहाँको घरमा नोकर भएर बस्नु भयो। विद्यालयपतिले गर्नु भएको रचनाले मिथिलामा देखिएको विश पुजनको प्राचीनतालाई दर्शाउने गरेका छन्। अर्कातर्फ तत्कालीन समाज वा मिथिलामा शिवलाई जसरी पुजन गरिने गरिएको परम्परा थियो। त्यसलाई गीतको मार्फतले वर्णन गर्नु भएको छ।

शिव उपासनाको जर्गेना गर्ने श्रय शंकराचार्यलाई जाने गरेको छ। उहाँले विभिन्न स्थानहरुमा शिव मन्दिरहरुको स्थापना गरेर समाजमा देखिएको विषमतालाई हाक्ने र तत्कालिन समाजमा देखिएको विभेदको विरुद्धमा एक ढिक्का बनाउनसमेत भारतको विभिन्न कुना कप्चामा शिव मन्दिरहरुको निर्माण गरे। उहाँले मिथिलामा आएर आफनो सिद्धान्तको प्रचार गरे त्यसपछि यस भेगमा शिव उसापनाको क्रम बढेको विश्वास रहेको छ। नेपाल र भारतका मिथिला क्षेत्रमा यस्ता अनेकौं शिव मन्दिरहरुको रहेको जसको प्राचीनतम महत्व निकै रहेको छ। जनकपुरको चारै कुनामा रहेको शिवमन्दिरमध्ये कपिलेश्वर मन्दिर निकै प्राचीन मन्दिरको रुपमा रहेको छ। इतिहासकार शिवेन्द्र लाभद्वारा प्रकाशित मिथिलाको इतिहास पुस्तकमा उल्लेख भएअनुसार जानकी मन्दिरलाई गुठी थमौती, मटिहानीस्थित लक्ष्मीनारायण मन्दिरलाई र गोसाईलाई भोग लगाउन विभिन्न मठ मन्दिरको नाममा जग्गा अर्पण गरेको अवधिमै कपिलेश्वरनाथ महादेव मन्दिरको निर्माण गरिएको हुनसक्ने अनुमान गरिन्छ। डा. राजाराम सुवेदीले मकवानपरको राज्य भन्ने गरेको अनुसन्धान रिपोर्ट अनुसार राजा मानिक सेनले वि.सं. १७८४/८५ मा जनकपुरधामको धार्मिक सम्पदामा उल्लेखनीय योग्दान पुऱ्याएको देखिन्छ। सो रिपोर्टकै आधारमा स्थानीयले सोही समयावधिमा यस मन्दिरको निर्माण हुन सक्ने दाबी गर्छन्।

मिथिलामा शिवेष गरेर सन्यासी जातिका व्यक्तिहरुले शिव उपासना बढी गर्ने गरेका छन्। शिव मन्दिरमा चढाइएका प्रसादहरु समेत मिथिला तीनै जातिका व्यक्तिहरुले खाने गरेका छन। मिथिलामा शिव मन्दिरमा चढाइएको प्रसादहरुलाई खान निषेध गरिएको छ। विशेष गरेर दशनामी न्यासीहरुलाई शिव आराधना गरेको बढी देख्न सकिन्छ। सन्यासीमा दश भेद भएको कारणले गर्दा नै यसलाई दशनामी सन्यासी भनिएको हो। दश भेदहरुमा गिरी, पुरी, भारती, वन, अरण्य, पर्वत, सागर, सरस्वती, यति एवम् दण्डी रहेका छन्। मिथिलामा रहेको तत्कालीन राजाले समेत शिव आराधना वा उपासना बढी गर्नु हुन्थ्यो जसको फलस्वरुप मिथिलामा विभिन्न गाउँहरुमा अलिहे पनि शिव मन्दिरहरु रहेको छ। कतिपय गाउँमा त शिव मन्दिरहरु भव्य रुपमा निर्माण गरिएको छ। जसको भव्यता निकै रहेको छ।

मिथिला महात्म्यमा शिलानाथ, कपिलेश्वरनाथ, कुपेश्वरनाथ, जलेश्वरनाथ, क्षीरेश्वरनाथ, मिथिलेश्वर एवम् भैरवा महादेव स्थानको चर्चा गरिएको छ। त्यसैगरी, मिथिला तीर्थ प्रकाश नामक ग्रन्थमा समेत सिंहेश्वर, कपिलेश्वर, जलेश्वर, कुशेश्वर, मिथिलेश्वर, भुवनेश्वर, चण्डेश्वरलगायतका शिव मन्दिरहरुको चर्चा विशेष रुपमा पाइन्छ। मिथिलामा रचिएको एउटा महत्वपूर्ण कृति हो भृंगदूत। यका लेखक कवि गंगानन्दले ब्रम्हपुत्रदेखि हरिहरि क्षेत्रसम्मको चर्चा गर्नु भएको छ। यसले समेत मिथिलामा व्यक्ति शिवको उपासनाको लागि निकै बाहिर बाहिर जाने गरेका थिए भन्ने उजागर भइरहेको छ। अर्कातर्फ मिथिलाको प्राचीनकालदेखि नै विद्या अध्ययनको थलोको रुपमा वाराणसी रहेको छ। त्यहा भव्य शिव मन्दिररहेको छ काशी विश्वनाथको रुपमा परिचित ज्योतिर्लिंग हो। विद्या अध्ययनका लागि मिथिलाबाट सर्वसाधारण जाने गरेका थिए। उनीहरु त्यहीबाट नै उपासनामा लिन रहन थाले विद्यासँगसँगै आराधणा र व्यवहारसमेत रहने गरिएको कारणले मिथिलामा विद्याको साथ साथै शिव उपसनालाई समेत आफनो केन्द्रमा राखे। जो अहिलेसम्म यवाथत रहेको छ। अर्थात् मिथिला प्राचीनकालदेखि नै शिव आधारणको थलोको रुपमा रहेको छ। मिथिलाको घरघरमा शिवको उपासना हुने गरिएको छ। माटोको महादेव बनाएर गरिने पुजा मिथिलामा निकै प्रसिद्ध रहेको छ। त्यसैले मिथिलामा शिवको आराधना निकै प्राचीनकालदेखि हुनै आएको छ। मिथिला शिव उपासनाको महत्वपूर्ण थलो रहेको छ।

# अर्थमन्त्रीसँग विश्व बैंकका उपाध्यक्षको भेट



**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री डा प्रकाशशरण महतसँग विश्व बैंक दक्षिण एशिया क्षेत्रका उपाध्यक्ष मार्टिन रेजरले विहिबार शिष्टाचार भेटवार्ता गरेका छन् ।
अर्थमन्त्रालयमा भएको भेटमा अर्थमन्त्री महतले वित्त व्यवस्थापनमा नेपालले भोग्नु परेका चुनौती, आगामी बजेटमा लिइएका रणनीति र स्रोत व्यवस्थापनका बारेमा छलफल भएको थियो ।
यस्तै, आयोजनालाई पुनःप्राथमिकीकरण गर्ने, सहयोगलाई उत्पादनशील क्षेत्रमा लगानी बढाउने, राहत दरमा कर्जा प्रवाह गर्नुपर्ने विषयमा छलफल भएको अर्थमन्त्री डा महतको सचिवालयले जनाएको छ । विश्व बैंकले नेपालको आर्थिक तथा सामाजिक विकासमा खेलेको भूमिकाप्रति धन्यवाद दिँदै उनले मुख्यतः पूर्वाधार विकासमा जोड दिन आग्रह गरे ।
पूर्वाधार र सामाजिक विकासका सूचकबीच घनिष्ठ सम्बन्ध रहेको र पूर्वाधार विकासबाट गरिब तथा पिछडिएको वर्ग खासगरी ग्रामीण भेगमा बस्ने महिलाको जनजीवनमा सकारात्मक परिवर्तन ल्याउन सकिने उनको भनाइ छ ।
गाउँबाट स-साना बजारमा उनीहरुको पहुँच विस्तार हुने र आफ्नो क्षमता विकास गरी अवसरमा पहुँच विस्तार हुँदै जाने उनको भनाइ छ ।बसाइँसराइले अवसरसँगै साना सहरी पूर्वाधारमा चाप परेकाले पूर्वाधार विकासमा थप स्रोत आवश्यक रहेको उल्लेख गर्दै जलविद्युत्, सूचना प्रविधि, पर्यटन क्षेत्रको विकासमा सडक पूर्वाधार पूर्वसर्त रहेको बताए ।
कोभिड- १९ को कारण जनजीवनमा प्रतिकूल प्रभाव पारेको भए पनि सूचना प्रविधिको विकासमा नयाँ अवसर सिर्जना भएको तथा कोभिड पश्चात् पर्यटन क्षेत्रको पुनरुत्थान हुँदै गएको सा अवसरमा उनले बताए । सामाजिक सुरक्षा, राष्ट्रिय गौरवका आयोजना र चालु खर्च विनियोजन गरेपछि अन्य आयोजनाका लागि आवश्यक रकम न्यून रहनेतर्फ इङ्गित गर्दै अर्थमन्त्री डा महतले साँवा ब्याज भुक्तानीमा हुने खर्च बढ्दै जाँदा ऋणको दिगो व्यवस्थापनतर्फ पनि सचेत रहनुपर्नेमा जोड दिए ।
माथिल्लो अरुण जलविद्युत् आयोजनाका लागि विश्व बैंकले वित्तीय स्रोत जुटाउन बहन गरेको नेतृत्वदायी भूमिकाका लागि धन्यवाद दिँदै अर्थमन्त्री डा महतले उक्त आयोजना कार्यान्वयनमा नेपाल सरकार प्रतिबद्ध रहेको स्पष्ट पारे । त्यस्तै, यस्ता आयोजनाको लागि स्रोत जुटाउँदा अन्य आयोजनामा स्रोतको कमी हुन नदिने गरी व्यवस्थापन गर्न र नेपालमा क्रियाशील नरहेका नयाँ विकास साझेदारलाई आकर्षण गर्न उनले आग्रह गरे ।हालै आगामी आर्थिक वर्षको बजेटमा पुँजीगत खर्च बढाउने प्रतिबद्धता गरेको विश्व बैंक प्रतिनिधिलाई अर्थमन्त्री डा महतले स्मरण गराएका छन् । साथै उनले नेपालले पूर्वाधार क्षेत्रमा लगानी बढाउन चाहेको समेत जानकारी गराएका थिए ।
सो अवसरमा बैंकका उपाध्यक्ष मार्टिनले स्रोतको समुचित परिचालनमा समस्या रहेको र त्यसलाई सम्बोधन गर्न संयुक्तरुपमा काम गर्न आग्रह गरे ।
खरिद तथा ठेक्का व्यवस्थापन विद्युतीय माध्यमबाट गर्ने र समयमै आयोजना कार्यान्वयनमा अन्तरनिकाय समन्वयमा जोड दिए । सो अवसरमा विश्व बैंकका तर्फबाट पूर्वाधार क्षेत्र हेर्ने उपाध्यक्ष वांग्जी चेन, उपक्षेत्रीय निर्देशक फारिस हद्दाद जर्भोसलगायत विश्व बैंक तथा अर्थ मन्त्रालयका उच्च अधिकारीको उपस्थिति थियो ।

# गण्डकी प्रदेशको नीति तथा कार्यक्रम पारित



**रासस**
**गण्डकी ।**
गण्डकी प्रदेश सरकारले ल्याएको आउँदो आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रदेशसभाको बहुमतले पारित भएको छ । प्रदेशसभाको बिहीबारको बैठकमा सभामुख कृष्णप्रसाद धितालले निर्णयार्थ प्रस्तुत गरेपछि प्रदेशसभाको बहुमत संख्याले नीति तथा कार्यक्रम पारित गरेको हो ।
प्रदेश प्रमुख पृथ्वीमान गुरुङले यही जेठ २१ गते प्रदेशसभासमक्ष पेस गर्नुभएको सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि तीन दिनसम्म छलफल गरिएको थियो । नीति तथा कार्यक्रम पारित हुनुअघि छलफलका क्रममा प्रदेशसभा सदस्यहरूबाट उठेका प्रश्नको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जवाफ दिएका थिए ।सो क्रममा उनले गण्डकी प्रदेशलाई आत्मनिर्भर र समन्नुत बनाउने अभियानमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूबीच सहकार्य हुने विश्वास व्यक्त गरे । प्रदेशको प्रथम पञ्चवर्षीय योजनालाई आधार मानेर नीति तथा कार्यक्रम ल्याएको उनले बताए ।
मुख्यमन्त्री पाण्डेले अघिल्ला सरकारले ल्याएका राम्रा कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धतासमेत जनाए । उनले वर्तमान सरकारका लक्ष्य र प्राथमिकता स्पष्टरूपमा नीति तथा कार्यक्रममा झल्केको बताए । नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा सत्तापक्षका सदस्यहरूले सरकारको नीति तथा कार्यक्रम उत्कृष्ट रहेको धारणा राखे । उनीहरुले नीति तथा कार्यक्रमले समन्नुत गण्डकी प्रदेशको खाका कोरेको बताएका थिए ।
विपक्षी दलका सदस्यहरूले नीति तथा कार्यक्रम महत्वकाङ्क्षी रहेको भन्दै कार्यान्वयन हुनेमा आशङ्का व्यक्त गरेका थिए । स्रोत पहिचान नगरी अमूर्त ढङ्गले नीति तथा कार्यक्रम ल्याइएको उहाँहरूको टिप्पणी थियो । नीति तथा कार्यक्रममाथिको छलफलमा ५० जना प्रदेशसभा सदस्यले भाग लिएका थिए ।शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई प्राथमिकता दिइएको नीति तथा कार्यक्रममा गाँजा खेतीदेखि सुरुङमार्गको सम्भाव्यता अध्ययनसम्मका लक्ष्य समेटिएको छ । 'समृद्ध गण्डकी'को लक्ष्य प्राप्तिका लागि पर्यटन, ऊर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संशाधन र सुशासनलाई जोड दिइएको छ ।
सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सङ्घीयतालाई सुदृढीकरण गरी संस्थागत गर्न नीति तथा कार्यक्रम सहयोगी सिद्ध हुने सरकारले जनाएको छ । नीति तथा कार्यक्रम पारित भएसँगै सरकार बजेट निर्माणको अन्तिम तयारीमा जुटेको छ । संवैधानिक व्यवस्थाअनुसार आउँदो असार १ गते प्रदेश सरकारको बजेट सार्वजनिक हुनेछ ।

# नेप्से परिसूचक सात दशमलव २७ अंकले बढ्यो



**रासस**
**काठमाडौँ ।**
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहिबार पनि उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सात दशमलव २७ अङ्कले उकालो लागेर एक हजार नौ सय ३९ दशमलव ६१ मा पुगेको छ ।
ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव शून्य पाँच अङ्कले ओरालो लागेर तीन सय ६४ दशमलव ४२ मा सिमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा नौ उपसमूहको शेयर मूल्यमा बृद्धि भएको छ ।
कूल ५९ लाख ६२ हजार ९३ कित्ता शेयर दुई अर्ब ३० करोड ५८ लाख ८८ हजार नौ सय ३१ रुपैयाँ मूल्यमा कारोबार भयो ।
नेप्सेका अनुसार कारोबारका आधारमा आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स शीर्ष स्थानमा छ ।
सो कम्पनीको १० करोड २६ लाख ८७ हजार सात सय १३ रुपैयाँ बराबरको शेयर खरिद बिक्री भएका छन् । सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको रु नौ करोड ६३ लाख १३ हजार पाँच सय नौ, शिवम् सिमेन्टको आठ करोड ७० लाख १२ हजार नौ सय २९ रुपैयाँ, हिमालयन एभरेष्टको आठ करोड २८ लाख ५३ हजार रुपैया र नेपाल दूरसञ्चार कम्पनी आठ करोड २२ लाख ३१ हजार एक सय ९१ रुपैयाँ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।
नेप्सेका अनुसार डोल्टी पावर कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ ।
भूगोल इनर्जी नौ दशमलव ९६, मनकामना स्मार्ट लघुवित्त आठ दशमलब ४८, सानिमा जीआइसी इन्स्योरेन्स सात दशमलब ३८ र हिमालयन एभरेष्ट इन्स्योरेन्सको शेयर मूल्य सात प्रतिशतले बढेको छ ।
त्यस्तै रिभर फल्स पावर छ दशमलव ६४, खप्तड लघुवित्त तीन दशमलव ९४, ग्लोबल आईएमइ ब्यालेन्स फण्ड पहिलो तीन दशमलव ८९, सिटिजन म्युचुअल फण्ड तीन दशमलव ७७ र श्वेत गङ्गा हाइड्रोपावरको शेयर मूल्य तीन दशमलव ३९ प्रतिशतले घटेको छ ।

# असार १५ गते राष्ट्रिय धान दिवस र रोपाइँ महोत्सव



**रासस**
**काठमाडौँ ।**
सरकारले 'जलवायु अनुकूलित कृषकमैत्री प्रविधि : धान उत्पादनमा वृद्धि' भन्ने मूल नाराका साथ आगामी असार १५ गते २०औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव गर्ने भएको छ । कृषि विभागका महानिर्देशक हरिबहादुर केसीको अध्यक्षतामा बसेको मूल समारोह समितिको बैठकले विसं २०६१ देखि मनाइँदै आएको धान दिवस तथा रोपाइँ महोत्सव मनाउने निर्णय गरेको हो ।धान नेपालको प्रमुख खाद्यान्न बाली र खाद्य सुरक्षाको प्रमुख आधार रहेको बाली विकास तथा कृषिजन्य विविधता संरक्षण केन्द्रले जनाएको छ । आर्थिक, सामाजिक, सांस्कृति र धार्मिकलगायतको महत्व रहेको धानबालीलाई एउटा बालीका रूपमा मात्र नभई औसत नेपालीको जीवन पद्दतिका रूपमा हेरिने गरिएको छ ।धानको यिनै विविध महत्वलाई दृष्टिगत गरी उत्पादन वृद्धि एवं आधुनिकीकरण र व्यवसायिकीकरण गर्न दिवस बनाउन लागिएको कृषि विभागले जनाएको छ ।
जलवायु परिवर्तनका कारण धानखेतीमा बढ्दो नकारात्मक असरलाई न्यूनीकरण गर्न जलवायु अनुकूलित प्रविधिको अनुसन्धान र विकास एवं उपलब्ध प्रविधिको प्रचार-प्रसार गरी अवलम्बन गर्न यस्ता दिवस र महोत्सव सहायकसिद्ध हुनेछ । नेपालमा धानखेतीका लागि तराई र भित्री मधेस तथा पहाडका फाँटलाई उर्वरभूमि मानिन्छ । पछिल्लो समय उन्नत जातको धानखेतीका लागि सरकारले कृषकलाई प्रोत्साहन गरेको छ भने रैथाने पुराना बीउ प्रवर्द्धनमा पनि जोड दिँदै आएको छ ।कृषक र अन्य पक्षलाई यस्ता विषयमा सेचत र जागरुक तुल्याइ धान उत्पादन एवं उत्पादकत्व बढाउन यस वर्षको नाराले सन्देश दिएको छ ।

# बजेट छलफलमा उपस्थिति अनिवार्य गर्न सरकारको ध्यानाकर्षण




**रासस**
**काठमाडौँ ।**
राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रियसभामा बजेटमाथि छलफल हुँदा मन्त्रीको उपस्थिति अनिवार्य हुनेगरी व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।
राष्ट्रियसभाको विहिबारको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का सांसद भैरवसुन्दर श्रेष्ठले आगामी आर्थिक वर्षको बजेटमाथिको जारी छलफलमा सम्बन्धित मन्त्रीको उपस्थिति नभएको भन्दै नियमापत्ति गरेका थिए ।जवाफमा अध्यक्ष तिमिल्सिनाले सम्बन्धित मन्त्रीको उपस्थितिमा अर्थ मन्त्रालयका उपसचिव भन्दामाथि माथिल्लोस्तरका अधिकृत बैठकमा अनिवार्यरुपमा नोट गर्न पनि निर्देशन दिए ।
'आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल एकैपटक दुबै सदनमा चल्ने व्यवस्था भएकाले यस्तो अवस्थामा दुबैतिर एकै मन्त्रीलाई खोज्ने कुरा व्यावहारिक हुँदैन । मन्त्रीको उपस्थिति नभए बैठक नचल्ने विगतको परम्परा पनि हो ।त्यसैले म सरकार र अर्थमन्त्रालय र अर्थमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु', अध्यक्ष तिमिल्सिनाले भने ।
बैठकमा बोलेको विषय नोट नगरी कसरी जवाफ दिनसकिन्छ भन्दै अध्यक्ष तिमिल्सिनाले अनिवार्य रुपमा बसेर सबै रिपोर्ट टिपोट गर्ने व्यवस्था गर्नुपर्ने ध्यानाकर्षण गराए । सांसद भैरवसुन्दर श्रेष्ठले राष्ट्रियसभाको नियमावलीमा कुनै विषयमा छलफल चलिरहेको समयमा सम्बन्धित मन्त्री अनिवार्य उपस्थित हुनुपर्ने व्यवस्था रहेको उल्लेख गर्दै मन्त्रीको उपस्थितिमा मात्रै बैठक सञ्चालन गर्न माग गरे ।
उनले बुधबारको बैठकमा पनि आफूले यस विषयमा ध्यानाकर्षण गराएको र सत्तापक्षका सांसदले पनि यो विषयलाई उठाएको स्मरण गराए ।

# जुम्ली किसानलाई मार्सी धान रोपाइँको चटारो



**रासस**
**जुम्ला ।**
किसानलाई यो याममा मार्सीधान रोपाइँको चटारो छ । किसानहरु बिहानदेखि रातिसम्म खेतमै व्यस्त हुन थालेका छन् । जेठको पहिलो सातादेखि असारको दोस्रो सातासम्म जिल्लाभर धान रोपाइँ हुने गरेको गुठिचौर गाउँपालिका स्थानीयवासी राज्यलक्ष्मी देवकोटाले जानकारी दिए ।पछिल्लो समय मार्सी धानको चामलले बजार पाउन थालेपछि किसान मार्सी धान रोपाइँप्रति आकर्षित हुन थालेका छन् । जुम्लामा उत्पादन हुने मार्सी चामलको माग देशभर बढिरहेकाले पनि यसको खेति बर्सेनि बढेको कृषि विकास कार्यालय जुम्लाका निमित्त कार्यालय प्रमुख गणेश अधिकारीले बताए ।
जिल्लाका सात गाउँपालिका, एक नगरपालिकाको सिञ्जा चन्दननाथ क्षेत्र, तातोपानी, देपालगाउँ, गर्ज्याङकोट र विश्वकै उच्च स्थानमा धान फल्ने पातारासी गाउँपालिकाको छुमचौरमा काली र रातो मार्सी धाने रोपाइँ धमाधम भइरहेको छ । जिल्लामा दुई हजार आठ सय ५० हेक्टरमा धानखेती हुन्छ । सोमध्ये एक हजार दुई सय हेक्टरमा मार्सी धानको खेती हुने गरेको प्रमुख अधिकारीको भनाइ छ । गतवर्षको असोजमा आएको बाढीपहिरोका कारण सिञ्जा गाउँपालिकाका ४२ वटा धान रोपाइँ गर्ने कुलोमा क्षति पुगेको थियो । गाउँपालिकाको लगानी र स्थानीयको श्रमदानमा २८ वटा कुलो पुनःनिर्माण भई सञ्चालनमा आएपछि सिञ्जाका अधिकांश क्षेत्रमा धान रोपाइँ सुरु भएको सिञ्जा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मित्रलाल धितालले जानकारी दिए ।
जिल्लाको प्रसिद्ध धार्मिकस्थल चन्दननाथ भैरवनाथ मन्दिरको शेरा खेतमा कालीमार्सी धान रोपाइँ सम्पन्न गरिएको छ । परम्परागतरुपमा रोपिँदै आएको मार्सी धान उक्त शेरा खेतमा बुधबार रोपिएको हो । चन्दनाथ बाबाले भारतको काश्मिरबाट ल्याएर खेती सुरु गरिएको मार्सी धानलाई मन्दिरको शेरा खेतमा रोपाइँ गरेको चन्दननाथ भैरवनाथ गुठी व्यवस्थापन समितिका अध्यक्ष अमरबहादुर थापाले बताए ।
हरेक वर्षको जेठ १४ गते रोपाइँ हुँदै आएकोमा सो खेतमा योवर्ष बीउको अभावले रोपाइँ ढिलो भएको हो । गुठी व्यवस्थापन समितिका अध्यक्ष थापाले भने, 'चन्दननाथ बाबाको शेरा जिउँलो परापूर्वकालदेखि नै मन्दिरमा अक्षता चढाउनका लागि मार्सी धान रोप्ने गरिन्छ ।' जिउलोमा रोप्दै गर्दा मागल गाउने, पञ्चेबाजा बजाउने गरेको अध्यक्ष थापाको भनाइ छ । जुम्लाको धार्मिक इतिहाससँग जोडिएको शेरा जिउलोमा मार्सी धान रोपाइँ गर्दा अहिले विस्तारै मागल गाउने, पञ्चेबाजा बजाउने क्रियाकलाप हराउन थालेको यहाँका स्थानीयले गुनासो गर्न थालेका छन् । परम्परागत रुपमा रोपाइँ हुँदै आएको शेरा खेतमा यो वर्ष २२ भारी खेतमा रोपाइँ गरिएको छ । तातोपानी गाउँपालिकाको लिताकोट, लाम्रा, हाँकु र चन्दनाथ नगरपालिका-८ र ९ बाट बीउ ल्याएर रोपाइँ गरिएको चन्दननाथ भैरवनाथ गुठी व्यवस्थापन समितिले जनाएको छ ।
मन्दिरको शेरा खेतमा रोपाइँका लागि स्थानीय, चन्दननाथ माध्यमिक विद्यालयका विद्यार्थीलगायत नागरिक अगुवाको उपस्थिति थियो । समुद्री सतहदेखि दुई हजार आठ सय ५० मिटरको उचाइ रहेको छुमचौर जिउलोमा उत्पादन हुने मार्सी धान खेतीलाई संरक्षण गर्नेका लागि प्रदेश सरकारले प्रथामिकतामा राखेर काम गर्नपर्ने गाउँपालिका अध्यक्ष पुन्नसिंह बोहोराको भनाइ छ । मार्सी धान संरक्षण गर्नेका लागि गाउँपालिकाले आगामी आर्थिक वर्षको बजेटमा आवश्यक रकम बिनियोजन गरिने गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले जनाकारी दिनुभयो । सङ्घीय सरकारले आगामी आवको बजेटमा जुम्ली मार्सी धानको ब्राण्डिङ गर्ने उल्लेख गरेको छ ।

# सार्वजनिक स्थलमा धुम्रपान गरे एकसय रुपैयाँ जरिवाना



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले सार्वजनिकस्थलमा धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन नगर्न सूचना जारी गरेको छ।
उपमहानगरले जारी गरेको सूचना अनुसार जिल्ला प्रशासन कार्यालय धनुषाको जेठ १८ गते प्राप्त सूर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन बमोजिम सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन गर्न नहुने व्यवस्था रहेको हुँदा सोही अनुसार गर्न अनुरोध गरेको छ। धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन गर्न रोक लगाउँदा नमानेमा वा पटक पटक धुम्रपान वा सूर्तीजन्य पदार्थ सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा एक सय रुपैयाँ जरिवाना वा दुबै सजाय गर्न सकिने उपमहानगरले चेतावनीमुलक अनुरोध गरेको छ।
राज्य तथा सरकारी निकाय,संस्था वा कार्यालय, शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्यसम्बन्धी संस्था, विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन, बालकल्याण गृह, शिशुस्याहार केन्द्र, वृद्धाश्रम अनाथालय, बालउद्यान तथा क्लब र सार्वजनिक शौचालयमा धुम्रपान सेवनबाट रोक लगाइएको छ भने उद्योग तथा कलकारखानाका कार्यस्थल, चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला, होटल, मोटेल, रिसोर्ट, रेस्टुरेन्ट, बार, भोजनालय, चमेनागृह, लज, अतिथिगृह, छात्र तथा छात्राबास, रंगशाला, कभर्ड हल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस, डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट, धर्मशाला, धार्मिक स्थल र सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टरमा धुम्रपान गर्नबाट रोक लगाइएको उपमहानगरले जारी गरेको सूचनामा उल्लेख गरिएको छ।

# रौतहटमा गाँजाको प्रयोगले युवाको भविष्य अन्यौल

**संजय मिश्रा**
**रौतहट ।**
आजको बालबालिका भोलि देशको कर्णधार हुन। कुनै पनि देशको विकास अथवा देशलाई अगाडि बढाउन युवाहरुको नै मुख्य भुमिका हुने गर्दछ। तर  रौतहटमा जथाभावी लागुऔषध गांजाको प्रयोगले हजारौं युवाहरूको भबिष्य अन्यौल हुँदै गएको छ। बिधालय तथा क्याम्पस जाने उमेरमा सैयौ युवाहरु सबै काम छोडेर गांजा खानमा पल्केपछी उनिहरुको भबिस्य अन्यौल तर्फ धकेलिँदै गएको हो।
कटहरिया नगरपालिका अन्तर्गत एकदुई गाउँ होइन अधिकांश गाउँका युवाहरु चोरी लुकी बिहानै बेलुकी गांजा तान्ने गरेका छन्। केहिले चुरोटमा राखेर कोही चिलममा राखेर त कोहि आधुनिक युवाहरु मिनरल वाटर पानीको बोतल व अन्य बोतलमा फलामको पाईप जोडेर गांजा खाने गरेका छन्। यसरी पानीको बोतल अथवा अन्य बोतल प्रयोग गरि गांजा खाने बिधिलाई उनकै भाषामा वाटरगन भन्ने गर्दछन्।
प्रत्येक दिन बिहान र सांझ प्रायः कटहरिया स्थित माध्यमिक बिधालय वरिपरि, बिधालय छेउ पोखरीको डिलमा,र लालबकैया नदिको पुल तथा नदिको बांध माथी, तथा गाँउमा जहाँ निसुल्क वाईफाई चलेको छ युवाहरुको चहलपहल हेर्न सकिन्छ। उक्त युवा समुहमा अधिकांशले



चुरोट सल्काएर खान्छन्। उनिहरुले प्रयोग गर्ने अधिकांश चुरोटमा गांजा हुनेगरेको एकजना युवाले नाम उल्लेख नगर्ने सर्तमा  जानकारी दिएका छन। त्यसैगरी चिलम र वाटरगनमा युवाले गाउँ घरमै लुकिछिपी खाने गर्दछन्। यसरी लागुऔषध गांजाको प्रयोग पहिले पहिले साधुजोगी र बुढापाकाले मात्र गर्दथे। तर कोरोना महामारीको प्रकोप बढे संगै कटहरियामा गांजा खाने युवाहरूको संख्या बढ्दै गएको छ। लकडाउन पछी कटहरिया मात्रै नभै गरुडा,बृन्दाबन,गुजरा,बाराको आदर्श कोतवाल लगायत दर्जनौं स्थानीय तहका युवाहरू गांजाखान पल्केका छन। एकपटक गांजाखान सुरु गरेपछि युवाहरू दिनदिनै गांजाको अलमची हुन थालेका छन। तर स्थानीय प्रहरी जनप्रतिनिधि लगायत कुनै निकायले नियन्त्रण को लागि पहल गरेको देखिएन। कोरोनाको प्रकोप बढेपछि नियन्त्रण गर्न सरकारले नेपालमा पहिलो पटक २०७६ चैत्र ११ गतेदेखि लकडाउनको घोषणा गरेको थियो। सो समय गाउँ घरमा कसै कसैले गांजा खायो भन्ने कोरोना भाईरसले केही बिगार्दैन भ्रम फैलाए संगै स्थानीय युवाहरु गांजा खान् आकर्षित भएको एकजना जानकारले बताएका छन्।
हाल कोरोनाको भ्याक्सिन चलेसंगै रोगको प्रभाव कम हुँदै गएको छ। तर युवाहरु भने झनझन् गांजा खान अर्थात लागुऔषध सेवनकर्ताको रूपमा बन्दै गएकाले समाजको लागि ठुलो चिन्ताको बिषय बनेको छ।
तस्करि मार्फत मकवानपुर जिल्ला बाट रौतहट र बारा जिल्लाको अधिकांश ठाँउमा गांजा ल्याउने गरिन्छ। यसरी ल्याइएको गांजा  कटहरिया बजार लगायत रौतहट र बाराको अधिकांश स्थानमा सहजै गांजा खरिद गर्न पाईने हुनाले सो क्षेत्रमा लागुऔषध गांजा प्रयोग गर्नेको संख्या दिन प्रतिदिन बढ्दै गएको छ। बर्षौंदेखिको यो बिकृती रोक्न नियमनकारी निकाय तथा युवाका अभिभावकले पनि ध्यान दिएको पाईंदैन।
नर्भिक अस्पताल काठमाडौका बरिस्ठ डाक्टर सैलेन्द्र कुश्वाहाका अनुसार युवा अबस्थामा नियमित गाँजा सेवनले सम्पुर्ण शरीरनै प्रभावित हुने बताए। बिस्तारै यादास्त शक्ति कम्जोर हुने,हाई ब्लड प्रेसर ,मुटुरोग,फोक्सो,पेटमा क्यान्सर हुने र मानसिक अवस्था बिग्रेर अल्पायुमै मृत्यु हुने डाक्टर कुशवाहाले जानकारी दिएका छन्।

# ४५० फिट गहिरो चापाकल पनि सुक्यो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
लामो समयसम्म पानी नपरेका कारणले मधेश प्रदेशका विभिन्न जिल्लाहरूमा खानेपानीको मुहान सुकेपछि सर्वसाधारण निक्कै मारमा परेका छन्।
जनकपुरधाम उपमहानगरपालिका क्षेत्रमा भएका एक तिहाई चापाकलहरु सुकेपछि सर्वसाधारणलाई खाने पानीको समस्या मात्र होइन सरसफाईमा पनि समस्या उत्पन्न भएर अन्य रोगको खतरा पनि उत्पन्न भएको छ। यसका साथै मधेश प्रदेशका पूर्व पश्चिम लोक राजमार्ग क्षेत्रमा भएका इनारहरूमा पानी आउन बन्द भएपछि निक्कै समस्या उत्पन्न भएको छ।
खानेपानीको समस्याबाट धनुषा, महोत्तरी, सिरहा, सप्तरी, बारा, पर्सा तथा रौतहट जिल्लाको उत्तरी भेगमा समस्या उत्पन्न भएको छ। चुरे तथा वनजंगलको दोहनका कारणले पनि पानीका श्रोतहरू सुक्न थालेको छ। जनकपुरधाममा ४ सय ५० फिटमा जडान भएको चापाकलमा पनि पानी आउन बन्द भएपछि सर्वसाधारण थप समस्यामा परेका छन्।
जनकपुरधामको वडा नं २ मा रहेको शिव चौकमा रहेको आशोक दासले अहिले चापाकलमा पानी आउन छाडेपछि पानी किनेर खाने गरेको बताउँदै शौचालयमा गंगासागरको पानी प्रयोग गर्नु परेको जानकारी दिएका छन्। लामो समयसम्म वर्षा नभएका कारणले वडाका धेरै चापाकलहरु सुकेको जानकारी दिए।
जनकपुरधामको गंगासागरमा रहेको डिप बोरिङ पनि सुकेको छ। विगत चार दिन देखि सो डिप बोरिङमा पानी आउन बन्द भएपछि यस क्षेत्रका हजारौं व्यक्तिहरू स्वच्छ तथा शीतल पानी सेवन गर्नबाट वञ्चित भएको अधिवक्ता राजकुमार महासेठले जानकारी दिए। जनकपुरधामको घना वस्ति भएका अधिकांश ठाउँको चापाकलहरुमा पानी आउन बन्द भएको छ। पानी आउन बन्द भएका कारणले सर्वसाधारणलाई निक्कै समस्या उत्पन्न भएको छ।
दिउँसो तीर चर्को घामसँगै गर्मी बढेका कारणले खानेपानीको मुहान सुकेको छ। यस्तै अवस्था रहेको खण्डमा अगामी दिनमा जनकपुरधाममा खानेपानीको थप जटिलता उत्पन्न हुने भएको छ। प्रदेश सरकारले जनकपुरधाममा भएका कतिपय पोखरीहरूको पक्की घाटको निर्माण गरेका कारणले पानीको रिचार्जमा पनि समस्या उत्पन्न भएको वातावरण संरक्षण अभियानी सुरेश शर्माले जानकारी दिए।

# गौर भन्सार नाकाबाट तस्करीको लाइन सुरु

**विकास अग्रवाल**
**रौतहट।**
तस्करहरुका लागि अहिले गौर भन्सार नाका वरदान साबित भएको छ। सुरक्षाकर्मीहरुले पोके तस्करी गर्न लाइन दिन थालेपछि तस्करलाई अहिले उक्त नाका स्वर्गद्धार नाका बनेको बनेको हो।
शसस्त्र, नेपाल प्रहरी तथा भन्सार कार्यालयका कर्मचारीहरुले मासिक रकम लिएर तस्करीको लाइन दिन थालेपछि तस्करहरुका लागि अहिले उक्त नाका वरदान साबित भएको हो।
सुरक्षाकर्मी तथा भन्सारका कर्मचारीले तस्करहरुसँग साँठगाँठ गरी मासिक महिनावारी लिएर आयात निर्यात गर्न लाइन वितरण गरेको रहस्य खुलेको छ। तस्करहरुले सीमावर्ती भारतीय बजारबाट तेल, चिनी, बिस्कुट,सर्फ, चिसो पेयपदार्थ, लगायत किरानाका समान तथा कपडा, इलेक्ट्रिकका समान, हार्डवेयरका समान, जुत्ताचप्पलहरु नेपाल भित्राउने गरेका छन् भने नेपालबाट मदिरा, कस्मेटिकका समानका लागि सुरक्षाकर्मीले लाइन दिएको श्रोतको दाबी रहेको छ।
सुरक्षाकर्मीले लाइन वितरण गरेपनि सीमा नाकाबाट ओहोरदोहोर गर्दा भन्सार गेटमा प्रति टिप पच्चास रुपैया दिनुपर्ने हुन्छ एक पोके तस्करले नाम उल्लेख नगर्ने शर्तमा भने दिनभरीमा कम्तीमा चारदेखि ६ खेपसम्म समान ल्याउँछौं। सहज रुपमा समान ओसारपोसार गर्दा कुनै समस्या उत्पन्न हुन नदिन मासिक रुपमा हामीले भन्सार सुरक्षा गार्डलाई पाँच हजार, शसस्त्र प्रहरीको बोर्डर आउट पोष्टलाई पाँच हजार तथा भन्सार कर्मचारीलाई दुई हजारका दरले महिनावारी बुझाउने गरेको ति श्रोतले जानकारी दिए।
मासिक महिनावारी तिर्दा जस्तो सुकै समान ओसारपोसार गरेपनि सुरक्षाकर्मीले खोलेर पनि



हेर्देनन् सजिलै आउजाउ हुने गर्छ अर्का एक पोके तस्करले भने दिनभरी गौर भन्सार नाकाबाट काम गर्दा दैनिक सबै खर्च कटाएर हजार देखि दुई हजारसम्म कमाउने गरेको छु।
गौर भन्सार नाका भएर दैनिक सय भन्दा बढी पोके तस्करहरुले तस्करी गर्दै आएका छन्। शारिरीक अशक्त भएका व्यक्तिहरुले ट्राई साइकल मार्फत बिहान र बेलुका गरी दुई खेप तस्करी कार्य गर्दै आएको सजिलै देख्न सकिन्छ। केही वर्ष अघिसम्म मुश्किलले चार पाँच जना शारिरीक अशक्त भएका व्यक्तिहरुले तस्करी गर्दै आएकोमा अहिले २० जना भन्दा बढीले तस्करी कारोबार रोजेका छन्। गरिब र खानलाउन समस्या भएको भन्दै उनीहरुलाई एक खेप तस्करी गर्न सुरक्षाकर्मीले मौखिक रुपमा छुट दिएपनि अहिले उनीहरुले सो कार्यलाई कारोबारको रुपमा परिणत गरेका छन्। एउटा ट्राई साइकलमा उनीहरुले दश वटा बिस्कुटको कार्टुन, चिनी, सर्फ, तेल, लगायतका समानहरु नेपाल ल्याउने गरेका छन्। उनीहरुले प्रति खेप ल्याएको समानको क्यारित्त जोड्दा सात देखि हजार रुपैयासम्म आउने गरेको छ।
उपभोक्ताहरुले सीमावर्ती बजारबाट खरिद गरेर ल्याएको समानहरुलाई सुरक्षाकर्मीहरुले अनेक बहाना बनाई दुख दिने गरेको बताउँदै गौरका स्थानीय नरेश जयसवालले भने तर तस्करहरुले ल्याएको समान चेकजाँच बिनै सजिलै भित्रिन्छ। तस्कर र सुरक्षाकर्मीको आँखा मिलेपछि जस्तो सुकै समान नेपाल भित्रिने गरेको छ।
शारिरीक अशक्त भएका व्यक्ति, पोके तस्कर लगायतहरुले एक रुपैया सयकडाको हिसाबले दैनिक समानभित्र लुकाई छिपाई दैनिक लाखौ भारतीय तथा नेपाली रुपैया समेत नेपाल ल्याउने गरेको पाईएको श्रोतको दाबी रहेको छ। सुरक्षाकर्मीले प्रति व्यक्ति अवैध रुपले खाने २० रुपैयाको लोभमा सरकारको दैनिक लाखौंको राजस्व क्षती भईरहेको पाईएको छ।
यस विषयमा गौर भन्सार सुरक्षा गार्डका प्रमुख सुरेन्द्र साहसँग सम्पर्क गर्दा तस्करहरुसँग कुनै प्रकारको साँठगाँठ नगरेको बताए। आफ्नो नाका भएर कुनै प्रकारको तस्करी समेत नभएको स्पष्ट पार्दै उनले तस्करी नियन्त्रणका लागि आफु हरपल खटिएको समेत दाबी गरे। यता शसस्त्र प्रहरीको बोर्डर आउट पोष्टका प्रमुखसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन।

# भावपूर्ण श्रद्धाञ्जली



**स्व. डा. रामकेवल साह**

जनकपुरधामका प्रतिष्ठित चिकित्सक, समाजसेवी एवं मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति **डा. रामकेवल साह**को असामयिक निधनप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक सम्वेदना व्यक्त गर्दछौं ।

**मधेशदृष्टि राष्ट्रिय दैनिक**
(परिवार)

# प्रादेशिक अस्पताल जनकपुरको निर्देशकमा पण्डित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रादेशिक अस्पताल जनकपुरधामको निर्देशकमा डा. रामनरेश पण्डित नियुक्त भएका छन्।
मधेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बरिस्ठ स्त्री तथा प्रसुति रोग विशेज्ञ डा. पण्डितलाई बुधबार नै निर्देशक नियुक गरेको हो।
मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको प्रादेशिक अस्पतालमा यसअघि निर्देशक डा. प्रमोद यादव थिए।
उनलाई मधेश सरकारले केही दिन अघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव नियुक्त गरेपछि सो पद खाली रहेको थियो।

# भारततर्फ सौन्दर्य समानको तस्करी

*भारतको बैरगनिया निवासी श्याम तेलीलाई पठाउँने उक्त युनिलिभरको सौन्दर्यकरण सामग्री बिहार राज्यमा पुग्दै आएको छ।लाइन लिएका पासवानले अवैध रुपमा दैनिक पाँच लाखसम्मको समान भारत पठाउँदै आएपनि सुरक्षाकर्मीले नियन्त्रण गर्न सकेको छैन।*

**मधेशदृष्टि**
**रौतहट।**
सादा पोशाकमा खटिएकाघुमुवा प्रहरीले खाद्यान्न, लत्ताकपडा, सौन्दर्य सामग्री लगायतका वस्तुहरुमा जिल्लाका दर्जनौ व्यक्तिलाई लाइन दिएको नाम उल्लेख नगर्ने शर्तमा एक श्रोतले जानकारी दियो।
जिल्लाको सदरमुकाम गौर, लक्ष्मीपुर, बन्जरहा, नरकटिया र बंकुल नाकाबाट अहिले व्यापक तस्करी भईरहेको ति श्रोतले जनाएको छ।
श्रोतका अनुसार घुमुवा प्रहरीले गौर र लक्ष्मीपुरबाटोको बीच बाटो भएर गौर नगरपालिका १ का राजेश पासवानलाई सौन्दर्यकरणको समान भारत पैठारीका लागि लाइन दिएको जनाएको छ। नेपालमा उत्पादित युनिलिभर नेपालको सौन्दर्यकरण क्रिमहरुको मुल्य सस्तो पर्ने भएकोले भारतमा यस्को माँग अत्यधिक रहेको छ।
भारतको बैरगनिया निवासी श्याम तेलीलाई पठाउँने उक्त युनिलिभरको सौन्दर्यकरण सामग्री बिहार राज्यमा पुग्दै आएको छ। नेपालमा रहेको मुल्य भारतमा पुग्दा भारतीय मुद्रा अनुसारनै बिक्री वितरण हुने गरेको छ।
लाइन लिएका पासवानले अवैध रुपमा दैनिक पाँच लाखसम्मको समान भारत पठाउँदै आएपनि सुरक्षाकर्मीले नियन्त्रण गर्न सकेको छैन। पासवानले गौरको मुख्य सडकमै गोदाम भाडामा लिएर समेत राखेका छन्।
यसैगरी भारतबाट अवैध रुपमा रेडिमेड लत्ताकपडा नेपाल भित्राउन बन्जरहाको नाका भएर अनरजितलाई लाइन सञ्चालन गर्दै आएको श्रोतको दाबी रहेको छ। यस्तै लक्ष्मीपुर नाका भएर कपडा तथा चप्पलका लागि निरज जयसवाल, रेडिमेड कपडाका लागि रुपेश यादव र पण्डित भन्नेले लाइन सञ्चालन गर्दै आएको बुझिएको छ। घुमुवा प्रहरीले मासिक केही रकम बुझेर लाइन वितरण गर्दा सरकारको दैनिक लाखौं रुपैया क्षती समेत हुँदै आएको छ।
लाइन वितरण हुँदा रकम दिन ढिलाई अथवा नँया कारोबारीहरुले लाइन बिनानै मालसमान ल्याउँदा सुरक्षाकर्मीले समातेर मात्र देखावती काम गर्दै आएको गुनासो पीडित कारोबारीहरुको रहेको छ। समय अगावै रकम दिए कुनै समस्या हुँदैन तर, एक दिनको ढिलो अथवा लाइन सञ्चालन गरेका व्यक्तिहरुको भनसुनको आधारमा अन्य कारोबारीहरुको मालसमान समातिन्छ नाम उल्लेख नगर्ने शर्तमा लक्ष्मीपुर वेलविछवाका एक स्थानीय कारोबारीले बताए। यता गौर भन्सार कार्यालयका प्रमुख वासु नेपालले पनि तस्करी कार्य बढेकोले राजस्व संकलनमा कमी आएको जिकिर गरेका छन्। खुल्ला सीमाका कारण पुर्ण रुपमा तस्करी नियन्त्रण हुन नसकेपनि सीमा क्षेत्रमा रहेका सुरक्षाकर्मीले केही हदसम्म नियन्त्रण गर्न सकिने हुन्छ। यसैबिच नाम अनुसारका व्यक्तिहरुले तस्करी गर्दै आएको बारेमा आफु अनभिज्ञ रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी वीरबहादुर बुढा मगरले जानकारी दिनुभयो। राजस्व प्रभावित हुने कुनै प्रकारको तस्करी नभएको बताउनुहुँदै उँहाले यदी कुनै कुरा छ भने छानबिन गरिने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।

# ‘महासागर जापानको निजी ढल होइन’



**रासस/सिन्ह्वा**
**बेइजिङ ।**
चीनले समुद्र र महासागर जापानका निजी ढल नभई मानवजातिको साझा सम्पत्ति हुन् भन्दै आणविक केन्द्रको प्रदूषित पानी समुद्रमा विसर्जन गर्नु टोकियोको ‘अत्यधिक स्वार्थी र गैरजिम्मेवारपूर्ण काम’ भएको टिप्पणी गरेको छ।
महासागर र समुद्रमा ‘रेडियोएक्टिभ’ तत्वले प्रदूषित पानी बिसर्जन गर्ने जापानको गैरजिम्मेवारीपूर्ण कामबारे बेइजिङमा बुधबार भएको नियमित पत्रकार सम्मेलनमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले उक्त टिप्पणी गरेका हुन्।
जापान सरकारले फुकुसिमा दाइची आणविक ऊर्जा केन्द्रबाट निष्कने प्रदूषित पानी हानिरहित भएको दाबी गर्दै त्यसलाई समुद्रमा विसर्जन गर्नु न्यायोचित भएको गर्दै त्यसलाई एकमात्र विकल्प भन्दै आएको छ तर तथ्यहरूले अन्यथा प्रमाणित गरेको उनले बताए।
जापानी मिडियाका अनुसार टोकियो इलेक्ट्रिक पावर कम्पनीद्वारा हालै जारी गरिएको एक प्रतिवेदनमा फुकुसिमा दाइची आणविक ऊर्जा केन्द्रबाट निष्काशन हुनने पानी जापानको खाद्य सुरक्षा कानुनमा तोकिएकोस्तरभन्दा अधिक रहेको उल्लेख छ।
‘अन्तर्राष्ट्रिय समुदायमा धेरैले यो प्रश्न सोधिरहेका छन्, यदि आणविक केन्द्रबाट दूषित पानी जापानले भनेजस्तै सुरक्षित थियो भने उसले किन त्यसलाई आफ्नै देशका तालतलैयामा नछाडेर सुरुङमार्गमार्फत समुद्रमा किन विसर्जन गरेको हो ?’ प्रवक्ता वाङले प्रतिप्रश्न गर्दै जापानले सुमद्रलाई निजी ढलका रुपमा प्रयोग गरेको बताए। सस्तो विकल्प रोज्दा त्यस गरिएको उनको आशय थियो।

# १० जनाको हत्याको मुद्दामा ४२ वर्षपछि फैसला
## ९० वर्षीय वृद्ध दोषी ठहर

**विविसी**
**नयादिल्ली**
गत साता ४२ वर्षअघि भएको जातीय विभेदसँग सम्बन्धित एउटा आपराधिक घटनामा मा १० जनाको हत्या गरेको अभियोगमा एक ९० वर्षीय भारतीय वृद्धलाई आजीवन कारावासको सजाय सुनाइयो। पीडित परिवारले अदालतको उक्त फैसला आउन निकै ढिला भएको र त्यसले उनीहरूका लागि कुनै अर्थ नराख्ने बताएका छन्। कानुनविद्हरूले यो फैसलाले 'न्याय ढिला दिइनु न्याय नदिनु सरह हो' भन्ने उक्ति पुष्टि गरेको बताएका छन्।
सन् १९८१ डिसेम्बर ३० को साँझ उत्तर प्रदेश राज्यको साधुपुर गाउँमा भएको एक घटना त्यहाँका पाका बासिन्दाहरूको स्मरणमा ताजै छ। 'साँझ साढे ६ बजेआसपास केही केटाहरू मेरो घरको परिसरमा पसे र गोली चलाउन थाले,' प्रेमवती सम्झिन्छिन्। उनलाई आफ्नो उमेर कति हो भन्ने पक्का थाहा छैन तर उनी आफूलाई झन्डै ७५ वर्षकी ठान्छिन्। 'उनीहरूले मलाई केही पनि सोधेनन्, सोझै हामीमाथि गोली प्रहार गर्न थाले,' उनी भन्छिन्। उनका अनुसार गोली लागेको केही मिनेटभित्रै उनका १० वर्षीय छोरा साथै ८ र १४ वर्षका दुई छोरीहरूले आँखैअगाडि प्राण त्यागेका थिए। अदालतको आदेशपछि गाउँमा पुगेका केही फोटोग्राफर र क्यामराम्यानहरूलाई प्रेमवतीले आफ्नो गोली लागेको दाहिने खुट्टा देखाइन्। यसको घाउ त निको भयो तर दाग बाँकी नै छ।त्यो साँझ मारिएका (पहिले अछुत मानिने) दलित समुदायका १० सदस्य मध्ये उनका छोराछोरीहरू पनि थिए। प्रेमवतीसँगै अर्की एक महिला पनि घाइते भएकी थिइन्। गत बुधवार फिरोजाबाद सहरस्थित जिल्ला अदालतका न्यायाधीश हरवीर सिंहले यादव समुदायका एक मात्र जीवित अभियुक्त गङ्गा दयाललाई जन्मकैदको सजाय घोषणा गरे। दयाललाई ५५,००० भारतीय रुपैयाँ जरिबाना तिर्ने आदेश पनि दिइएको छ। उक्त रकम तिर्न असफल भएको खण्डमा उनले थप १३ महिना जेलमा बिताउनुपर्ने बताइएको छ।



फैसलामा १० जना अभियुक्तमध्ये नौ जनाको सुनुवाइ प्रक्रियाकै क्रममा मृत्यु भएको उल्लेख गरिएको छ। अदालतमा सरकारको पक्षबाट बहस गरेका राजीव उपाध्यायले बताएअनुसार अभियोजनको पक्ष र विपक्षका धेरै साक्षीहरूको पनि मृत्यु भइसकेको छ।
अपराध र फैसलाबीच चार दशकभन्दा बढी समय बितेपछि मुद्दाको स्वरूप अस्पष्ट बन्दै गएको थियो। प्रेमवती र अन्य दलित गाउँलेहरू आफ्नो परिवारको कसैसँग शत्रुता नभएको दाबी गर्छन्। तर उपाध्यायले दलितहरूले यादव समुदायका एक व्यक्तिको राशन पसलबारे केही गुनासो गरेपछि दुई समुदायबीचको सम्बन्ध चिसिएको बताए। त्यसका कारण त्यहाँ हिंसाको घटना भएको ठानिन्छ। गाउँलेहरूका अनुसार उक्त अपराधको घटना समाचारमा आएलगत्तै तात्कालिक प्रधानमन्त्री इन्दिरा गान्धी र राज्यका मुख्यमन्त्री विश्वनाथ प्रताप सिंह त्यहाँ पुगेका थिए। उनीहरूलाई न्याय दिलाउने प्रतिबद्धता व्यक्त गरेका थिए। त्यति बेलाका प्रतिपक्षी नेता रही पछि भारतको प्रधानमन्त्री समेत भएका भारतीय जनता पार्टीका वरिष्ठ नेता अटल बिहारी वाजपेयी पनि उक्त हत्याको विरोधमा आयोजित ऱ्यालीमा सहभागी भएका थिए। 'उनले ज्यान गुमाएका हाम्रा आफन्तलाई जीवित पार्न नसके पनि न्याय दिलाउन सहयोग गर्ने वाचा गरेका थिए,' प्रेमवतीले भनिन्। उनले अदालतको फैसलाबारे केही पत्रकारहरू प्रतिक्रिया माग्न आएपछि मात्र गाउँलेहरू दोषी ठहर भएको थाहा पाएको बताइन्। 'यो न्याय हो कि होइन भनेर ईश्वरलाई मात्र थाहा छ,' उनले पत्रकारहरूसँग भनिन्।प्रेमवतीका छिमेकी महाराज सिंहले पनि आफ्नो परिवारका सदस्यहरू गुमाएका थिए।
नयाँ पुस्ताका उनी 'त्यो साँझको नरसंहार'का कथाहरू सुन्दै हुर्किएका थिए। उनले भने, 'हामीले अन्ततः न्याय पाउनु सराहनीय कुरा हो तर सही समयमा पाएनौँ। हामीले समयमै न्याय पाएको भए खुसी हुने थियौँ।''अदालतले न्याय दिनका लागि ४२ वर्ष लगायो। घटनाको पाँच-छ वर्षमै सजाय पाएको भए हाम्रा पुर्खाहरूले मर्नुअघि शान्ति महसुस गर्ने थिए,' उनले थपे।
हत्याका बेला अपराध भएको गाउँ मैनपुरी जिल्लामा रहेको उक्त गाउँ सन् १९८९ मा नवनिर्मित फिरोजावाद जिल्लामा समेटिएको पनि मुद्दा टुङ्गिन धेरै समय लागेको उपाध्याय बताउँछन्।मुद्दाका फाइलहरू सन् २००१ सम्म मैनपुरीमै बेवास्ता गरिएको अवस्थामा रहे। पछि तिनलाई इलाहाबाद उच्च अदालतको आदेशमा फिरोजाबाद अदालतमा सारिएको थियो। उपाध्यायका अनुसार सन् २०२१ मा अदालतमा बाँकी रहेका सामग्रीहरू हटाउन र पुराना मुद्दाहरूलाई तत्काल टुङ्गोमा पुऱ्याउन सरकारले सुरु गरेको एक अभियानअन्तर्गत यस मुद्दाको सुनुवाइ सुरु भएको हो।
'सरकार र न्यायपालिकाले अपराध गर्नेलाई कानुनले पक्रिन्छ भन्ने सन्देश जनमानसमा प्रवाह गर्न खोजेको छ,' उनले भने।वकिल अक्षत वाजपेयी भने न्याय समयमै हुनुपर्ने तर्क गर्छन्।
‘न्याय ढिलो दिनु भनेको न्याय नदिनुसरह हो भन्ने उक्ति पुष्टि गर्ने घटना हो यो। जनताले दुई-तीन वर्षसम्म ढिलो हुनुलाई स्वीकार गर्न सक्लान्। तर ४० वर्ष?' उनले भने।
‘दलितहरू देशका सबैभन्दा सीमान्तकृत मानिसहरूमध्ये पर्ने भएकाले विशेष गरी प्रेमवतीजस्ता मानिसहरूलाई समयमै न्याय दिने जिम्मेवारी राज्यको हो,' वाजपेयीले भने। 'पीडित र उनीहरूका परिवार ४२ वर्षसम्म पीडामा बाँच्नुपऱ्यो। यो भारतको फौजदारी न्याय प्रणालीको असफलता हो,' उनी थप्छन्।
लामो समयसम्म अदालतमा रहेको यो एकल मुद्दा होइन। भारतीय फौजदारी न्याय ढिलासुस्तीका कारण कुख्यात छ र धेरै नागरिकहरूले अदालतका मुद्दाहरू वर्षौं वा दशकौँसम्म चल्ने तथ्यप्रति असन्तुष्टि व्यक्त गरिरहेका छन्।यसका कारण छिनोफानो नभएका मुद्दाहरूको संख्या धेरै भएको छ। गत फेब्रुअरीमा सरकारले संसद्मा भारतीय अदालतहरूमा झन्डै पाँच करोड मुद्दा विचाराधीन रहेको जानकारी गराएको थियो।भारतीय फौजदारी कानुनका विज्ञ तथा लाइभ ल वेबसाइटका संस्थापक एमए रशिदका अनुसार न्यायाधीशहरूको अभाव ढिलाइको प्रमुख कारण हो।
'भारतमा न्यायाधीश र मानिसहरूबीचको अनुपात कम छ, प्रति न्यायाधीश कार्यभार ठूलो छ। त्यसैले सुनुवाइ निष्कर्षमा पुग्न लामो समय लाग्छ'रशिदले 'पुराना विधिहरू'ले पनि धेरै समय लिने गरेको बताए। यस्ता विधिअनुसार साक्षीहरूको जाँच गर्न ढिलाइ गरिन्छ र प्रविधिको विकासलाई बेवास्ता गरी न्यायाधीशले हातैले बयान लेख्ने चलन छ। उच्च अदालतमा पुनरावेदनको गरिएका मुद्दाहरू अन्तिम सुनुवाइका लागि सूचीबद्ध हुन कम्तीमा पाँचदेखि १० वर्ष लाग्ने उनले बताए। त्यसपछि सर्वोच्च अदालतको सुनुवाइका लागि पनि उत्ति नै समय पर्खिनुपर्ने जानकारी उनले दिए।'त्यसैले पुनरावेदनको चरणमा २० वा ३० वर्षपछि दोषीले सफाइ पाउने घटनाहरू पनि भारतमा असामान्य छैनन्,' उनले भने।

# अवोध बालबालिकामाथि अन्धाधुन्ध छुरी प्रहार



**रासस/एएफपी**
**पेरिस।**
फ्रान्सेली आल्प्सको एन्नेसी सहरमा एक जना वयस्कसहित छ जना बालबालिका छुरी आक्रमणको शिकार भएका छन्।
बिहीबार बिहान सहरको ताल नजिकैको उद्यानमा चक्कु बोकेर हिँडेका एक व्यक्तिले एक जना वयस्क र तीन वर्ष उमेर समूहका बालबालिकामाथि अन्धाधुन्ध आक्रमण गरेर घाइते बनाएको एक स्थानीय अधिकारीलाई उद्धृत गर्दै सुरक्षा स्रोतले एएफपीलाई बताएको छ। आक्रमणकारीलाई पक्राउ गरिएको छ। आक्रमणमा घाइते भएकामध्ये तीन जनाको अवस्था गम्भीर रहेको सुरक्षा स्रोतले बताएको छ। प्रधानमन्त्री एलिजाबेथ बोर्न आक्रमणबारे जानकारी लिन र त्यहाँको वस्तुस्थिति बुझ्न घटनास्थल जाने तयारमी हुनुहुन्छ। फ्रान्सेली सञ्चारमाध्यममा आक्रमणको खबर सार्वजनिक भएपछि राष्ट्रिय संसद्का सदस्य एक मिनेट मौन भएका थिए। आक्रमणकारी फ्रान्समा शरण चाहने सिरियाली नागरिक भएको बताइएको छ। यसैबीच, राष्ट्रपति इम्यानुएल म्याक्रौँले आक्रमणको निन्दा गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्।

# भारत र मलेसियाबीचको सम्बन्ध जनस्तरमा पनि सुदृढ हुँदै



**रासस/एएनआई**
**क्वालालम्पुर।**
सरकारीस्तरमा भारत र मलेसियाबीचको कूटनीतिक सुमधुर कूटनीतिक सम्बन्ध जनस्तरमा पनि सुदृढ भएको छ। भारतका विदेश राज्यमन्त्री वी मुरलीधरनको हालैको भ्रमणले द्विपक्षीय सम्बन्ध र जनता-जनताबीचको सम्बन्धलाई सुदृढ तुल्याउन योगदान पुगेको मलेसियामा रहेका भारतीय मूलका नागरिकले बताएका छन्।
भ्रमणका क्रममा राज्यमन्त्री मुरलीधरनले मलेसियाको प्रतिनिधिसभाका सदस्य एम.कुला सेगरन, डेमोक्रेटिक एक्शन पार्टीका राष्ट्रिय उपाध्यक्ष र अन्य वरिष्ठ सदस्यका साथै मलेसियाली सशस्त्र बल सिख भेटरन एसोसिएसनका सदस्यसँग बेग्लाबेग्लै भेटवार्ता गरेका थिए। राज्यमन्त्री मुरलीधरनले भारतीय मूलका मलेसियाली नागरिकका साथै कामको सिलसिलामा त्यहाँ रहेका भारतीय नागरिकलगायत मलेसिया सरकारका उच्च अधिकारीसँगको भेटवार्तामा द्विपक्षीय सम्बन्धलाई सुदृढ गर्ने र जनता-जनताबीचको सम्बन्धलाई अझ सबल बनाउने विषयमा छलफल गरेको क्वालालम्पुरस्थित भारतीय दूतावासले जनाएको छ। उनले भारत-मलेसिया सम्बन्ध प्रवर्द्धनमा भारतीय ‘डायस्पोरा’ले गरेको योगदानको प्रशंसा गरे। भ्रमणका क्रममा विदेश राज्यमन्त्रीले नेताजी वेलफेयर फाउन्डेसन र नेताजी सेवा केन्द्रका पदाधिकारीसँग भेटघाट गर्दै मलेसियामा नेताजी सुवास चन्द्र बोसको विरासतको संरक्षणमा फाउण्डेसनले निर्वाह गरेको भ्रमिकाको सराहना गरेका थिए।

# दक्षिण एसियाली योग खेलकुद प्रतियोगिता सुरु



**रासस**
**काठमाडौँ।**
नेपाल योग खेलकुद सङ्घको आयोजनामा तेस्रो दक्षिण एसियाली योग खेलकुद प्रतियोगिता र माउन्ट एभरेष्ट योग फेस्टिभल च्याम्पियनसीप विहिबारदेखि सुरु भएको छ। उक्त प्रतियोगिता नेपाल-भारतमैत्री धर्मशाला तिलगङ्गामा आजदेखि सुरु भएको हो।
विहिबार एक कार्यक्रमका बीच उक्त प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले उद्घाटन गरे। उक्त प्रतियोगिता यही जेठ २७ गतेसम्म सञ्चालन हुने नेपाल योग खेलकुद सङ्घ भक्तपुरका उपाध्यक्ष चन्द्रमणि ढुङ्गानाले जानकारी दिए। उनका अनुसार उक्त योग खेलकुद प्रतियोगितामा नेपाल, भारत र बङ्गलादेश गरी तीन देशका खेलाडी सहभागी भएका छन्।
सो प्रतियोगितामा सात राष्ट्रका खेलाडीले सहभागिता जनाउने भनिए पनि विभिन्न कारणले अन्य देशका खेलाडी सहभागी हुन नसकेको आयोजकले जनाएको छ। उक्त स्पर्धामा नेपालबाट महिला र पुरुष गरी ३६ खेलाडीको सहभागिता रहेको जनाइएको छ। प्रतियोगितामा विभिन्न उमेर समूहमा प्रतिस्पर्धा हुने बताइएको छ। जसअनुसार आठदेखि ११ वर्ष, १२ देखि १५ वर्ष, १६ देखि १८ वर्ष, १९ देखि २५ वर्ष, २६ देखि ३५ वर्ष र ३५ वर्षदेखि माथिका उमेर समूहमा प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ।यसैगरी माउन्ट एभरेष्ट योग फेस्टिभल पनि यही जेठ २६ र २७ गते हुने भएको छ। यस प्रतियोगितामा सार्क राष्ट्रसहित इरान र साउदी अरेबियाका खेलाडीले प्रतिस्पर्धा गर्ने उपाध्यक्ष ढुङ्गानाले बताउनुभयो। उक्त प्रतियोगितामा करिब तीन सय खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् भने नेपालबाट महिला र पुरुष गरी ४२ खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्।
विसं २०७३ मा राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा दर्ता भएको उक्त सङ्घले २०७४ सालमा प्रथम दक्षिण एसियाली खेलकुद र २०७६ सालमा दोस्रो दक्षिण एसियाली योग खेलकुद प्रतियोगिता सञ्चालन गरेको जनाइएको छ।

# जारी टि २० मा सुदूरपश्चिम फाइनलमा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा जारी महेन्द्रनारायण निधि टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत बिहीबार भएको खेलमा कोशी प्रदेशलाई ६ विकेटले पराजित गर्दै सुदूरपश्चिम प्रदेश फाइनलमा प्रवेश गरेको छ।जनकपुरधाम-१४ रजौलस्थित निर्माणाधीन रामजानकी अन्तर्राष्ट्रिय रंगशालामा पहिले ब्याटिङ गर्दै कोशीले ९५ रनको लक्ष्य दिएको थियो। तर, सुदूरपश्चिमले १५.४ ओभरमा ४ विकेट गुमाउँदै लक्ष्य भेटाएको हो।
सुदूरपश्चिमका लागि गजेन्द्र बोहराले सर्वाधिक २९ रनको अविजित पारी खेले। राजु रिजालले २३, दीपक बोहराले ८, खडक बोहराले १३ र मिलन बोहराले १० रन बनाए।कोशी प्रदेशका लागि दीपेश कँडेलले ४ ओभर बलिङ गर्दै २ र प्रकाश कार्कीले १ विकेट लिए।
टस जितेर ब्याटिङ रोजेको कोशीले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ९४ रन बनाएको थियो। कोशीका लागि पछिल्लो क्रममा आएका दीपक जोशीले १ चौका र १ छक्काको मद्दतमा १२ बलमा २१ रन बनाए।कप्तान अंकित सुवेदीले २५ बलमा १८, समीर कार्कीले ११, फिर्दोस अन्सरी ६, मिनास थापा ६, सोनु अन्सारीले ९, सुजन थपलियाले २, दीपेश कंडेले २, कमल खत्रीले २ र प्रकाश कार्कीले १ रनको योगदान गरे।
सुदूरपश्चिमका लागि शेर मल्लले सर्वाधिक ३ विकेट लिए। उनले ४ ओभर बलिङ गर्दै १४ रन खर्चिएका हुन्। कप्तान नारायण जोशीले २ विकेट, दीपक बोहरा र नरेन साउदले १-१ विकेट लिए।अब उपाधिका लागि सुदूरपश्चिमले कर्णालीसँग प्रतिस्पर्धा गर्नेछ। फाइनल खेल शुक्रबार हुनेछ।

# युक्रेनबाट रुसमा घुसपैठ गर्ने लडाकु को हुन् ?



**विविसी**
**युक्रेन।**
युक्रेनबाट रुसी भूमिमा प्रवेश गरेका लडाकुहरूलाई बेल्गोरोड क्षेत्रमा 'प्रतिआतङ्कवाद कारबाही'का क्रममा धपाइएको रुसले जनाएको छ। ती लडाकुलाई रुसले युक्रेनी 'ध्वसंकारी' को सङ्ज्ञा दिएको छ। तर युक्रेनले उनीहरू क्रेम्लिनविरोधी समूह रसिअन भोलन्टिअर कोर ( आरडीके) र फ्रीडम अफ रसिअन लीजन (एफआरएल) मा आबद्ध रुसी नागरिक भएको बताएका छन्। सैन्य विश्लेषकहरूका अनुसार ती दुवै समूहले आफ्ना गतिविधि सञ्चालनका लागि युक्रेनको सशस्त्र फौजहरूबाट थुप्रै सहयोग पाइरहेको हुनसक्छ। रसिअन भोलन्टिअर कोर (आरडीके) के हो?
युक्रेनसँग सीमा जोडिएको रुसको ब्रियान्स्क क्षेत्रमा मार्च महिनामा सीमापार कारबाहीमा सहभागी भएपछि रसिअन भोलन्टिअर कोर ( आरडीके) को अस्तित्वबारे पहिलो पटक थाहा भयो। उसका अनुसार उक्त कारबाहीमा ४५ जना सहभागी थिए।
रुस सरकारविरुद्ध विद्रोहका लागि रुसी नागरिकहरूलाई उत्प्रेरित गर्न त्यो कारबाही गरेको आरडीकेले बतायो।
गोली हानाहान भएको, मानिसहरूको मृत्यु भएको र केहीलाई बन्धक बनाइएको कुरा अपुष्ट विवरणहरू सार्वजनिक भए।आरडीकेले कसैलाई बन्धक नबनाइएको र सुरक्षित रूपमा फेरि युक्रेनी भूभागमा फर्केको बतायो।
आरडीकेका नेताले आफूलाई 'डेनिस कापुस्टिन' अथवा 'डेनिस निकिटिन' भनेर चिनाउँछन्। उनी रुसी राष्ट्रवादी हुन् र उनको समूहले रुसमाथि आदिवासी रुसीहरूको वर्चस्व हुनुपर्ने कुरालाई खुला रूपमा समर्थन गर्दै आएको छ। सन् २०२० मा युक्रेनको एउटा अनुसन्धात्मक वेबसाइटले डेनिस कापुस्टिनको सम्बन्ध नवनाजीहरूसँग भएको आरोप लगाएको थियो। कापुस्टिनले विगतमा आफू 'फुटबल हुल्याहा' समूहमा आबद्ध रहेको बताएका छन्। आरडीकेले पुटिन प्रशासनलाई 'बोल्शेभिक' (जसको अर्थ कम्युनिस्ट हुन्छ) भन्दै निन्दा गर्छ र मूलधारका विपक्षीहरूलाई युक्रेन युद्धबारे अनिर्णित रहेको आरोप लगाउँछ।तर रुसको उग्रराष्ट्रवादी समूह नै रुसविरुद्ध किन लडिरहेको छ भन्ने कुरा आश्चर्यजनक भएको किङ्स कलेज लन्डनस्थित रक्षा विषयकी अध्येता मारिना मिरोन बताउँछन्।'आरडीकेलाई युक्रेनले बनाएको हुनुपर्छ,' उनी भन्छिन्, 'युक्रेन युद्धअघि त्यो एउटा सानो समूहको रूपमा थियो र त्योसँग कुनै सशस्त्र टोली थिएन।''फर्चुना' उपनाम भएका आरडीकेका एक सदस्यले सो समूहमा १२० जना रहेको गत नोभेम्बरमा युक्रेनी सञ्चारमाध्यमलाई बताएका थिए।
'हामी स्वयंसेवक एकाइ हौँ, हामी युक्रेनी नागरिकहरूजस्तो भाडामा अथवा ठेक्कामा काम गर्ने होइनौँ,' उनले भने।फ्रीडम अफ रसिअन लीजन (एफआरएल) के हो?
फ्रीडम अफ रसिअन लीजन ( एफआरएल) लिबर्टी अफ रसिअन लीजन भनेर पनि चिनिन्छ। युक्रेनी फौजहरूसँगै रुसी फौजविरुद्ध लडाइँ गर्ने एफआरएल नितान्त पृथक् खालको समूह हो।
सो समूहले सेतो-नीलो-सेतो झण्डा प्रयोग गर्छ। कतिपय रुसी विपक्षीले त्यसलाई 'स्वतन्त्र रुसी' झण्डाको रूपमा लिन्छन्। राजनीतिक रूपमा एफआरएललाई आरडीकेभन्दा कम कट्टर ठानिन्छ। मे २२ तारिखमा उसले युक्रेनी सीमासँग जोडिएको र बेल्गोरोडको दक्षिणपश्चिममा पर्ने रुसको कोजिन्का गाउँलाई 'स्वतन्त्र बनाएको' घोषणा गऱ्यो।एफआरएल र आरडीकेले बेल्गोरोड क्षेत्रलाई स्वतन्त्र बनाउने प्रयास जारी राखेका छन्,' उसले दाबी गऱ्यो। 'रुसी नागरिकहरू सुरक्षित रहेका र रुसी महासङ्घ बलियो रहेको मान्यता फेरि पनि भङ्ग भएको छ,' उसले भनेको छ। त्यसपछि उसले आफ्नो झण्डा राखिएका बलूनहरू उसले मस्कोको आकाशमा उडायो। सीजर उपनामले चिनिने समूहका चिरपरिचित सैनिकले 'लीजन क्षेत्रका कसैलाई पनि आबद्ध हुन बाध्य नपारिएको' बताए।
रुसी लडाकुहरूलाई के युक्रेनले सघाएको छ? किएभको गुप्तचर निर्देशनालयका एन्ड्री युसोभका अनुसार दुवै समूहले 'स्वायत्त रूपमा रुसी भूभागमा काम गरिरहेका छन्' र त्यसमा युक्रेनीहरू संलग्न छैनन्।उनीहरू लडाकु र 'रुसी स्वयंसेवक' भएको युक्रेनी टेलिभिजनले जनाएको छ।यद्यपि किङ्स कलेज लन्डनस्थित डिफेन्स स्टडीजकी अध्येता डा. मारिना मिरोन युक्रेनी फौजको सहयोगबिना ती समूहहरू रुसी सीमा क्षेत्रमा आक्रमणहरू गर्न सक्षम रहेकोमा संशय व्यक्त गर्छिन्। 'निश्चित रूपमा उनीहरू बाह्य सहयोग र युक्रेनी गुप्तचर सूचनामा निर्भर भइरहेका छन्,' उनले भनिन्।'
युक्रेनले रुसी सीमापारि आक्रमण गर्न सक्छ - रुसीहरूको ध्यान युक्रेनभित्र भइरहेको लडाइँबाट मोड्न। अनि त्यसका लागि ती समूहहरू जिम्मेवार छन् भन्नु सम्भावित खण्डन हो।'
युक्रेनका राजनीतिक विश्लेषक भोलोदिमिर फेनेस्कोका अनुसार थुप्रै अर्धसैनिक समूहहरू युक्रेनसँग सहकार्य गर्दै आएका छन्।तर ती वास्तविक काममा भन्दा जनसम्पर्कमा धेरै व्यस्त रहेको देखिन्छ।

# बदमासी रोकेर पदतिमा ल्याउन साथ दिनुहोस्: सिंह



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका नगरप्रमुख राजेशमान सिंहले महानगरपालिकाभित्र आफ्नो नाकमुनि बसेर केही व्यक्तिले बद्‌मासी गरेको बताउँदै तिनीहरुलाई सिस्टममा ल्याउन आफू लागिपरेको बताए । रेडियो वीरगंजद्वारा आयोजित 'नयाँ पुस्तासँग मेयर' कार्यक्रममा वीरगंजका युवाले उठाएको प्रश्नको जवाफ दिँदै नगर प्रमुख सिंहले महानगरपालिकामा हुने गरेको बेथिति अन्त्य गर्दै एक वर्षभित्रैमा गर्व गर्न लायक वीरगंज बनाउने आफ्नो अभियानमा युवाको पूर्ण समर्थन पाएको दाबी गरे । उनले वीरगंजको पहिचानसँग जोडिएको नारायणी अस्पताल र ठाकुरराम क्याम्पस सुधार्न सबैको सामुहिक प्रयास हुनु पर्ने कुरामा जोड दिए । नारायणी अस्पताल र ठाकुरराम क्याम्पसमा खिया लागेको बताउँदै खिया फाल्ने काम एकै दिनमा सम्भव नहुने हुँदा त्यसमा लगातार आफू पनि लागि परेको र युवाको साथ आफूलाई चाहिएको नगर प्रमुख सिंहले बताए । कार्यक्रममा उनले वीरगंज महानगरपालिकाले पुरानो बजार क्षेत्रलाई छाडेर १७ नम्बर देखि ३२ नम्बर वडासम्मका ग्रामीण इलाकालाई सहरीकरण गर्न बाटो घाटो, पुलपुलेसा, नाला, निर्माणलाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताए । वैभव वीरगंज बनाउने अभियान एक्लो प्रयासबाट सम्भव नहुने हुँदा सबैको प्रयास अति आवश्यक भएको बताउँदै महानगरमा हाल खानेपानीको अभाव देखिएको हुँदा तत्काल ४ हजार खानेपानीका धारा निःशुल्क जडानका लागि महानगरपालिकाले आवश्यक कार्य आगाडि बढाएको दाबी गरे ।
युवा वर्गलाई राजनीति भन्दा माथि उठेर वैभव वीरगंजका लागि जुट्न आग्रह गर्दै शिक्षाको गुणस्तर माथि उकास्ने कार्यमा हाल महानगरपालिका लागेको उनले दाबी गरे । युवा लक्षित कार्यक्रम महानगरपालिकाले आगामी बजेटमा ल्याउने दाबी गर्दै आर्थिक तथा औद्योगिक नगरी वीरगंजमा बाहिरबाट आएकाले रोजगार पाएको तर वीरगंजकै युवा बेरोजगार भएको भन्दै युवाको रोजगारीका लागि सिपमूलक तालिम उपलब्ध गराइने दाबी गरे । उनले एक हप्ताभित्र नारायणी अस्पतालको सम्पूर्ण सरसफाइको जिम्मा महानगरपालिकाले लिने दाबीसमेत गरे । रेडियो वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साहको सहजिकरणमा सम्पन्न कार्यक्रममा वीरगंज युवा समाजका पूर्व अध्यक्ष कमल चौगाई, राजन श्रीवास्तव, मानव सेवाका दिवेश मानव, दृष्टिविहीन महेश साह, विजय अग्रवाललगायतका युवाले नगर प्रमुखसँग विभिन्न जिज्ञासा राखेका थिए ।

# 'चीनको विस्तारवादी नीतिविरूद्ध आवाज उठाउन आवश्यक'



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले चीनले नेपाललाई ऋणजालमा फसाउन खोजिरहेको आरोप लगाएका छन् । सर्लाहीको मलंगवामा अभियानले गरेको नेपालप्रति चिनियाँ अभ्यास र असर विषयक विचारगोष्ठीमा उनले चीनले नेपाललाई ऋणजालमा फसाई श्रीलंका बनाउन खोजिरहेको आरोप लगाए । उनले चीनले पछिल्लो समय नेपालमाथि विभिन्न कोणबाट आँखा लगाइरहेको टिप्पणी गरे । उनले भने, 'उत्तरतिरबाट नेपाली भूमि क्रमशः अतिक्रमण भइरहेको छ, चीनले देशभित्र राजनीतिक हस्तक्षेप गर्नुका साथै अघोषित नाकाबन्दीलाई निरन्तरता दिइरहेको छ ।' उनले नेपाललाई चीनले तिब्बत बनाउने षड्यन्त्र गरिरहेको समेत खुलासा गरे । उनले भने, 'चीनको तिब्बतीकरण गर्ने षड्यन्त्रको विरोधमा अब सम्पूर्ण नेपालीले एकजुट भई आवाज उठाउने बेला भएको छ ।'
गोष्ठीमा पूर्वमन्त्री रामचन्द्र राय यादवले नेपाललाई श्रीलंका बनाउने रणनीतिमा चीन लागेको आरोप लगाए । उनले भने, 'चीनले नेपाललाई श्रीलंका बनाउन खोजिरहेको छ, चीनले पोखरा विमानस्थलमा लगानी गरेर विमानस्थल कब्जामा लिने षड्यन्त्र गरिरहेको छ ।' उनले चीनले बिआरआइमार्फत नेपाललाई ऋणजालमा पार्न विभिन्न कोणबाट कसरत गरिरहेको पनि जिकिर गरे । उनले भने, 'चीनको विस्तारवादी नीति रोक्नु पर्छ, नेपाललाई चिनियाँ ऋणको जालमा फस्न दिनु हुँदैन ।' त्यस्तै नागरिक समाजका अगुवा शिवचन्द्र चौधरीले चीनको विस्तारवादी नीतिलाई सबै मिलेर नरोकेसम्म नेपालको विकास सम्भव नहुने जिकिर गरे । उनले भने, 'कहिले चीनका लागि नेपाली राजदूतको ओहोदा प्रमाण पत्र नबुझिदिने त कहिले काठमाडौंमा रहेको चिनियाँ दूतावासमार्फत चीनले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्न लगायतको काम गरिरहेको छ ।'
सन्त हितराम दासजीले सनातन संस्कृति नेपालको आत्मा भएको बताए । उनले भने, 'समाजमा चलिरहेको जातीय द्वन्द्व समाधान गर्न राष्ट्रिय एकताको सूत्र हिन्दू संस्कृति नै हो, त्यसकारण देशलाई संघीय हिन्दू गणतन्त्र कायम गरी अघि बढ्न जरुरी छ ।' कार्यक्रम सञ्चालन अभियानका मलंगवा संयोजक भगवान मिश्रले गरेका थिए ।

# लायन्स क्लब अफ वीरगंज स्वर्ण महोत्सव मनाउँदै

## १९७३ मा लायन्स स्थापना



लायन्स क्लब अफ वीरगंज सन १९७३ मा स्थापना भएको हो । क्लबका संस्थापकहरुमा बाबुलाल चाचान, आत्मराम काबरा, आरपी खेतान, गुलाबचन्द्र अग्रवाल, रमेशकुमार अग्रवाल, राजकुमार सिन्धी, देवकीनन्दन अग्रवाललगायतका सदस्यहरु थिए । लायन्स क्लब अफ वीरगंजले गरेका अनेक सामाजिक काममा गंगा अग्रवालको पहलमा अर्बौं विदेशी अनुदान उपलब्ध भएको छ । त्यो रकमले अनेक सामाजिक काम भएका छन् । आउँदा सेप्टेम्बरमा भव्य स्वर्ण महोत्सव मनाउने तयारी गरिएको छ। लायन्स क्लब अफ वीरगंज सबैभन्दा बढी रक्तदान गर्ने संस्था पनि हो । वीरगंजमा ३६ वटा र हेटौंडामा ३२ वटा क्लब पनि लायन्स क्लब अफ वीरगंजकै संस्थापक सदस्यहरुको पहलमा स्थापना भएको छ। वीरगंजको इतिहासमा बाबुलाल चाचान सफल उद्यमी घराना मात्र नभइ सामाजिक कार्यमा कुशल अभिभावकीय भूमिकामा पनि क्रियाशील नाम हो । एसएलसी बोर्ड फस्ट चाचानले पुऱ्याएको योगदानको कदर गर्दै लायन्स क्लब अफ पीरगंजले सम्मान गरेको हो।



**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लब अफ वीरगंज डिष्ट्रिक ३२५ एसद्वारा ५० वर्ष पुगेको अवसरमा स्वर्ण महोत्सव मनाइएको छ । स्वर्ण महोत्सव उद्‌घाटन गर्दै वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले सामाजिक संघसंस्थाको सहयोगबाटै महानगरलाई समृद्ध बनाउन सकिने बताए ।
उनले लायन्स क्लबजस्ता संघसंस्थाले वैभव वीरगंज बनाउने महानगरको अभियानमा साथ दिनु पर्नेमा जोड दिँदै आफू काममा विश्वास राख्ने व्यक्ति भएको बताए । स्वर्ण महोत्सवका अवसरमा वीरगंजका वरिष्ठ उद्योगपति बाबुलाल चाचानलाई वीरगंज बजार स्थापनमा महत्वपूर्ण भूमिका खेलेको, वीरगंजलाई औद्योगिक नगरी बनाउन सक्रिय रहेको, वीरगंजमा ड्राइपोर्ट स्थापना गराउन मुख्य भूमिका खेलेको, २००९ सालमा एसएलसीमा बोर्ड फस्ट बाबुलाल चाचानले वीरगंजको गरिमामा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै कर्मवीर सम्मानसहित दुबोको माला र दोसल्ला ओढाई सम्मान गरिएको थियो ।
त्यसैगरी कार्यक्रममा समाजसेवी एवम् उद्योगपति आत्माराम काबरालाई दोसल्ला ओढाई सम्मान गरिएको थियो । सम्मान कार्यक्रममा मन्तव्य व्यक्त गर्दै वरिष्ठ उद्योगपति चाचानले वीरगंजलाई व्यापारिक नगरी बनाउन आफूहरुले खेलेको भूमिकाप्रति लायन्स क्लबले सम्मान व्यक्त गरेकामा क्लबप्रति आभार व्यक्त गरे ।
कार्यक्रममा युवा उद्योगी अशोक वैद्यले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने लायन्स क्लबका पूर्वअन्तर्राष्ट्रिय निर्देशक संजय खेतान, उद्योगी देवकीनन्दन अग्रवाललगायतका वक्ताले लायन्स क्लबले चाँडै वीरगंजमा ब्लड बैंक स्थापना र सञ्चालन गर्न पर्नेमा जोड दिएका थिए । कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल, प्रहरी उपरीक्षक कोमल शाह, सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियालगायतको सहभागिता थियो ।
सुनिल खेतानको सभापतित्वमा सम्पन्न कार्यक्रमको सहजिकरण बलराम श्रेष्ठले गरेका थिए । सन् १९७३ मा वीरगंजमा नेपाल भारत सीमावर्ती क्षेत्रका व्यवसायीको भेलाले लायन्स क्लब वीरगंज गठन गरेको थियो । लायन्स क्लबले वीरगंजमा असहाय गरिबलाई लक्षित गर्दै विभिन्न कार्यक्रम गर्दै आएको छ ।
हिँड्न नसक्नेलाई कृतिम खुट्टा वितरण कार्यक्रममा लायन्स क्लबको अहम भूमिका छ । यसैगरी वीरगंजमा लायन्स क्लबले श्रीपुर स्कुलमा सभाहल निर्माण गरी महानगरपालिकालाई जिम्मा लगाउने तयारी गरेको छ । स्वर्ण महोत्सवको अवसरमा एक वर्षभरि विविध कार्यक्रम आयोजना गर्ने लायन्स क्लबले जनाएको छ ।

# पतञ्जलीका नक्कली सुपरभाइजर पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
बारामा रहेको पतञ्जली आयुर्वेदमा जागिर लगाइदिने झुठ्ठा प्रलोभन देखाइ ठगी गर्नेलाई प्रहरीले पक्राउ गरेको छ ।
पर्साको विन्दवासिनी गाउँपालिका वडा नम्बर ४ निवासी २० वर्षीय अमन चौरसियालाई २ वर्ष अगाडि पतञ्जली आयुर्वेदमा काम लगाइदिने भन्दै आफू कम्पनीको सुपरभाइजर भएको बताउने पर्साको बहुदरमाई नगरपालिका वडा नम्बर ५ का २५ वर्षीय अंकेश कुशवाहाले ठगी गरेको उजुरी प्रहरीमा परेसँगै पर्सा प्रहरीले अभियुक्तलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता दिपक गिरीले बताए । पीडित चौरसियाले अभियुक्त कुशवाहाले आफ्नो नागरिकता, सर्टिफिकेट र नगद २५ हजार रकम निजको खातामा जम्मा गर्न लगाई ठगी गरेको भन्दै ठगी कसुरमा जिल्ला प्रहरी कार्यालय पर्सामा मुद्दा दर्ता भएसँगै प्रहरीले कुशवाहालाई जेठ २३ गते घरैबाट पक्राउ गरेको डिएसपी गिरीले बताए । पतञ्जली आयुर्वेदको सुपरभाइजरको नक्कली परिचयपत्र बोकेर सर्वसाधारणलाई ठगी गरेको भेटिएपछि उनलाई पक्राउ गरिएको र अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।







मधेश प्रदेशकै विशेषज्ञ अस्पतालको रुपमा स्तरउन्नति भएकोमा यस अस्पतालका सम्पूर्ण चिकित्सक, कर्मचारी तथा शुभचिन्तकहरुमा हार्दिक बधाई छ ।

हाम्रा सेवाहरू :-

- कैथलैबबाट मुटुसम्बन्धी सम्पूर्ण ईलाजमा रु. एक लाखसम्म छुट
- चोटपटक लागि न्यूरो सर्जरी ईलाजमा रु. एक लाखसम्म छुट
- MRI, CT SCAN
- फ्री डाईलाइसिस सेवा
- स्वास्थ्य वीमा कार्यक्रम
- आमा सुरक्षा कार्यक्रम अन्तर्गत फ्री प्रसुति सेवा



वीरगंज हेल्थ केयर अस्पताल
बहुअरी, वीरगंज महानगरपालिका-१४
सम्पर्क नं.: ९८१४२९२००४
info@bhchospital.com www.bhchospital.com

# गाँजा छाडेर तीन भरिया फरार

**मधेशदृष्टि**
**वीरगंज**
पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नम्बर १ गदियानी गाँउस्थित खेतबाट प्रहरीले ठूलो परिमाणमा लागू औषध गाँजा बरामद गरेको छ । विशेष सुराकीको आधारमा इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीबाट प्रहरी निरीक्षक रामराजा केशरीको नेतृत्वमा खटिएको प्रहरी टोलीले २१ किलो ९ सय ६० ग्राम गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।
जंगलको बाटो हुँदै गाँजा बोकेर पैदल आइरहेका तीन जना व्यक्ति प्रहरीको टोली देख्ने बित्तिकै गाँजासहितको बोरा र झोला खेतमा फ्याँकेर फरार भएका थिए।
खेतमा फ्याँकिएको बोरा र झोला प्रहरीले खोलेर हेर्दा गाँजाको धुलो ९ किलो ४ सय २० ग्राम र तयारी गाँजा १२ किलो ५ सय ४० ग्राम बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता दिपक गिरीले जानकारी दिए।
गाँजा फ्याँकेर फरार भएका व्यक्तिको परिचय खुल्न नसकेको भए पनि उनीहरुको खोजी कार्य भइरहेको प्रवक्ता गिरीले बताए।

# चार हजार धारा जडान गरिने

**मधेशदृष्टि**
**वीरगंज।**
प्रचण्ड गर्मी र खडेरीका कारण खानेपानीको चापाकल धारा सुकेपछि वीरगंज महानगरपालिकाले तत्काल नगर क्षेत्रका १७ वटा वडामा चार हजार खानेपानी धारा निशुल्क जडान गर्ने भएको छ।
वर्षा नहुँदा र बढ्दो गर्मीका कारण जमिनमुनि सतहमा पानी सुक्दा चापाकलहरुमा पानी आउन छोडेपछि महानगरले पानीको अभावलाई मध्यनजर गर्दै विपन्न तथा गरिब परिवारलाई प्राथमिकतामा राखेर नेपाल खानेपानी संस्थानको सहयोगमा निःशुल्क धारा जडान गर्ने कार्य सुरु गरेको महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले जानकारी दिए।
अहिले वीरगंजमा खानेपानीका चापाकल धारा सुक्न थालेको र विद्युतीय मोटरले समेत पानी नतान्दा सहरी क्षेत्रको जीवनसमेत प्रभावित बनेको छ।
नगर प्रमुख सिंहले वीरगंज महानगरपालिकाले वडा नम्बर १ देखि १७ सम्म र वडा नम्बर १९ मा नेपाल खानेपानी संस्थानसँग समन्वय गरेर ४ हजार घरधुरीमा निःशुल्क सरकारी धारा जडान गर्ने भएकोले वडावासीले सम्बन्धित वडाका वडाअध्यक्षसँग सम्पर्क गरी आफ्नो घरमा निःशुल्क धारा जडान गर्न आग्रह गरे।
वीरगंजमा चापाकलहरुमा पानी आउन छाडेपछि अहिले सरकारी धारा जडान गर्न आउने ग्राहकहरुको संख्या पनि बढेको खानेपानी संस्थान वीरगंज शाखाका प्रमुख इञ्जिनियर निरन महर्जनले बताए । पहिले सरकारी धारा जडान गर्न नमान्ने र पानी प्रयोग नगर्ने ग्राहक अहिले दिनहुँ १० देखि १२ जनासम्म धारा जडानका लागि निवेदन दिन आउने गरेको प्रमुख महर्जनले बताए।

# असारको तेस्रो साताबाट एमआरआइ सुरु हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी अस्पतालमा झण्डै डेढ महिनादेखि अलपत्र एमआरआइ मेसिन जडान कार्य सुरु भएको छ ।
नारायणी अस्पतालका प्रवक्ता एवम् सूचना अधिकारी डा.उदयनारायण सिंहले प्रेस विज्ञप्ति जारी गर्दै बुधबार एमआरआइ मेसिन जाडनका लागि आवश्यक पर्ने हिलियम ग्यास आइपुगेकाले मेसिन जडान गर्ने विज्ञ टोलीले काम सुरु गरिसकेको बताए ।
विज्ञप्तिमा असार १५ गतेसम्म एमआरआइ मेसिन जडान भई सञ्चालन गर्ने जनशक्तिलाई आवश्यक तालिम दिई मेसिन हस्तान्तरण गर्ने आपूर्तिकर्ताले प्रतिबद्धता जनाउँदै मेसिन हस्तान्तरणपश्चात सेवा सुचारु हुने उल्लेख छ ।
विज्ञप्तिमा नेपाल सरकारद्वारा मधेश प्रदेशमा विशिष्टकृत विशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न नारायणी अस्पताललाई ५ सय शैयाको केन्द्रीय अस्पतालमा स्तरउन्नति गर्न जनशक्ति तथा मेसिन विस्तार गर्ने क्रममा अस्पतालमा थ्रि टेस्ला एमआरआइ मेसिन आइपुगेको जनाइएको छ ।

# महानगर न्यायिक समितिद्वारा नाला समस्या समाधान

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका न्यायिक समितिले वीरगंज महानगरपालिका वडा नम्बर २ मा नाला निर्माणसम्बन्धी परेको निवेदनको समस्या समाधान गरेको छ।
वादी शेख इस्लाम, मोमिला खातुन, रोजी खातुन र अमिरुल्लाह मियाँ चुरिहार र प्रतिवादी नमोदिन शेख र जमसेद शेखबीच नालाको विषयमा भएको विवादमा न्यायिक समितिमा दर्ता भएको मुद्दामा दुवै पक्ष सहमत भई आआफ्नो जग्गामा सीमित भई कार्य गर्नेमा राजी भएका हुन् । यस्तै, मोमिला खातुन, अवास चुरिहार, यार महम्दको घरको सामुन्नेको ढलान बाटो छेउबाट नाला खोल्न ४ महिनाको समय सीमा दिने विवादमा पनि मिलापत्र गराइदिन परेको निवेदनमा महानगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक इम्तियाज आलम, न्यायिक समितिका सदस्य बैजुलाल स्वर्णकार, सर्जुग महतो धानुक लगायतले नालाको समस्या समाधान गरेका हुन्।





मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन